# विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना झापा, २०७७

जिल्ला प्रशासन कार्यालय, झापा

# भाग १

## १.१ परिचय

झापा जिल्ला नेपालको सुदुरपूर्वको मेची अञ्चलमा रहेको विविधताले भरिएको जिल्ला हो । यो जिल्लाको पूर्व र दक्षिणमा भारतको सिमाना, उत्तरमा इलाम र पश्चिममा मोरङ्ग जिल्ला रहेको छ । विविधि जात, जाती, धर्म, लिङ्ग, वर्ण आदिले परिचित यस झापा जिल्लामा नेपालको सबैभन्दा होचो ठाँउ भनेर प्रख्यात केचनाकबल पनि यसै जिल्लामा रहेको छ । समुन्द्र सतहवाट ५८ मिटरदेखि ५०० मिटरसम्मको उचाई, २६.२० देखि २६.५० अक्षांश, ८७.३९ देखि ८८.१२ देशान्तर, पूर्व पश्चिम लम्बाई ४६ किलोमिटर, उत्तर दक्षिण चौडाई २९ किलोमिटर रहेको झापा जिल्लाको कूल क्षेत्रफल १६०६ वर्ग किलोमिटरमा फैलिएको छ भने २०६८ को जनगणना अनुसार यस जिल्लाको जम्मा जनसंख्या ८,१२,६५० रहेको छ जसमा ३,८५,०९६ पुरुष र ४,२७,५५४ महिला रहेको छ । १५ वटा स्थानिय तह मध्ये ८ वटा नगरपालिका र ७ वटा गाउँपालिका भएको झापा जिल्ला धान र चियाको लागि प्रख्यात मानिन्छ । यस जिल्लाको कृषि योग्य जमिन ५८.३१ प्रतिशत, वसोवास गरिएको क्षेत्र १३.२८ प्रतिशत, वनजंगलले ढाकेको क्षेत्र १०.२६ प्रतिशत, चियाले ढाकेको ४.४६ प्रतिशत, सुपारीले ढाकेको १.१५ प्रतिशत, चरण क्षेत्र १.११ प्रतिशत र नदी, नाला, सडक ११.४३ प्रतिशत रहेको छ । यस्तै यस जिल्लामा हिन्दु धर्म मान्ने ७९.३७, वौद्ध ५.३२, इस्लाम ३.०१, किराँत ९.०२, जैन ०.०१, क्रिश्चियन ०.७६, सिख ०.२६, वहाई ०.००५ र नखुलेका २.३४ प्रतिशत रहेको छ भने जातिगत आधारमा वाहुन क्षेत्री ४०.३०, आदिवासी जनजाती ४१.५३, दलित ७.२७ र अन्य १०.९० प्रतिशत रहेको छ ।

## १.२ विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

### १.२.१ योजनाको उद्देश्य

विपद्मा परी प्रभाबित हुनसक्ने तथा भएका समुदायलाई प्रभाबकारी ढंगले समयमानै सुसुचित गर्ने तथा प्रभाबित भएका समुदायलाई तत्काल राहत तथा उद्दार सेवा प्रदान गर्नु र सम्भाबित क्षति हुनसक्ने अवस्थाबाट समुदायलाई जोगाउनु यस योजनाको मुख्य उदेश्य रहेको छ ।

### १.२.२ योजनाको विशिस्ट उद्देश्य

- जिल्ला विपद् व्यावस्थापन समिति र सरोकारवालाहरुलाई बाढी, पहिरो राहत तथा उद्दार सेवामा सहयोग पुऱ्याउनु ।
- क्षेत्रगत अगुवाहरु बीच प्रभावकारी समन्वय तथा द्रुत सुचना अदान प्रदान गराई बाढि, पहिरो राहत तथा उद्दार सेवामा सहयोग पुऱ्याउनु ।
- क्षेत्रगत अगुवाहरुको क्षमता अभिवृद्धि गर्नु
- क्षेत्रगत अगुवाहरु बीच रणनैतिक योजनाको खाका तयार गरी प्रभावकारी राहत तथा उद्दार सेवामा सहयोग पुऱ्याउनु ।

## १.३. सामान्य पूर्वतयारी योजना

### १.३.१. मानवीय सहायतामा संलग्न साझेदार निकायको विवरण

जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति क्रियाशिल रहेको छ । यो समितिको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरु विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम हुनेछ। समितिका अध्यक्षले तोकेको अधिकृत समितिको सदस्य सचिवको रुपमा काम गर्छन भने अन्य बिषयगत सरकारी कार्यालयहरु, सुरक्षा निकायहरु, एवं नेपाल रेडक्रस सोसाईटी आदि सदस्यहरु रहेका छन् । जिल्ला विपद व्यवस्थापन समिति उद्योग वाणिज्य महासंघको जिल्ला स्थित समेत सदस्य हुने व्यवस्थाले विपद्ध जोखिम न्युनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको समेत संलग्नता अनिवार्य रहेको प्रष्टि हुन्छ । यस प्रतिकार्य योजना तर्जुमाको क्रममा सम्पर्क हुनसकेका मानवीय सहायतामा संलग्न गैरसरकारी साझेदारहरुलाई विषयगतक्षेत्रको अगुवा तथा सहयोगी संस्थाको शिर्षक भित्र समेटिएको छ ।

### १.३.२ सन्दर्भ सामग्री पुवरावलोकनको नतिजा

झापा जिल्लामा बिभिन्न निकायहरुले बिभिन्न समयमा बिपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजनाहरु प्रकाशन गरेका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि बिभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको छ । केही महत्वपूर्ण सामाग्रीहरु र त्यसबाट प्राप्त गरिएका असल अभ्यासहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**<u>सन्दर्भ सामाग्री पुनरावलोकन</u>**

| क्र.स. | प्रतिबेदन/प्रकाशनको नाम | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| १ | जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना -२०७३ | जिल्ला विपद्को स्तरिकरण,बिषयगत क्षेत्रमा भए गरेको प्रयासहरु |
| २ | विपद् जोखिम न्युनिकरणका लागी राष्ट्रिय रणनिति -२०६६ | विपद् व्यवस्थापनका लागी राष्ट्रिय स्तरमा तयार भएका नितिबारे ज्ञान र सो सम्बन्धि प्रकृयागत स्पस्टता |
| ३ | विपद् जोखिम न्युनीकरण नीति २०७५<br>विपद् जोखिम न्युकरण तथा राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ २०३० | नीतिगत व्यवस्था वारे ज्ञान विपद्ध जाखिम न्युनीकरणको कार्य योजना वारे ज्ञान |
| ४ | स्थानिय सरकार संचालन ऐन-२०५५ | बिकास र विपद् व्यवस्थापन विच गरिनुपर्ने कार्य र स्थानिय तहको भुमिकामा प्रष्टता |
| ५ | स्फेयर परियोजना | परियोजनामा उल्लेखित राहत मापदण्ड र न्युनतम आवश्यकताबारे ज्ञान |
| ६ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ | नीतिगत व्यवस्था वारे ज्ञान विपद्ध जाखिम न्युनीकरणको कार्य योजना तहगत अधिकारको प्रत्यायोजन, बारे ज्ञान |

### १.३.४ योजना निर्माणका प्रक्रिया

विभिन्न सरोकारवाला निकायहरुसँगको ब्यापक छलफल पछि यो योजना निर्माण भएको छ । योजना निर्माण प्रक्रिया निम्न तिन चरणमा सम्पन्न भएका छन् ।

**पहिलो तयारी बैठक** (जिल्लास्तरीय योजना तर्जुमाका लागि सरोकारवाला वैठक )

जिल्लास्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा प्रक्रियाका लागि मिति २०७७ साल बैशाख ७ गते सरोकारवाला वैठक सम्पन्न भयो । उक्त बैठक झापा जिल्लाका प्रमुख जिल्ला अधिकारि श्री जनकराज दाहालको संयोजकत्वमा वस्यो । वैठकमा जिल्ला स्थिति विभिन्न सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाका प्रतिनिधिहरु, रेडक्रसका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरु गरी जम्मा ४३ जनाको सहभागिता रहेको थियो । जिल्लास्थित सरोकारवाला निकायमा विपद् सम्वन्धी साझा वुझाई कायम गरी योजना तर्जूमाका लागि सहज वातावरण वनाउन आयोजित उक्त वैठक देहायका ३ वटा वुदामा केन्द्रीय रहेको थियो ।

- जिल्लाको विपद् संकटासन्नता, क्षमताको विल्लेषण तथा खतराको वर्गिकरण ।
- वाढी प्रतिकार्य सिकाई तथा अनुभव आदानप्रदान र त्यसको आधारमा योजनाको खाका तयार गर्ने ।
- जिल्लास्तरीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको खाकामा प्रष्टता ल्याई उक्त खाका अनुसार सभागितामूलक तरीकाले सूचना संकलन गर्ने ।

वैठकमा विपद् व्यवस्थापन, जिल्लाको अवस्था विश्लेषण गरी जिल्लाका गाप र नपा वर्गिकरणका लागि आधार तयार गरिएको थियो । वैठकमा जिल्ला स्तरीय सरोकारवाला निकायको सूचना संकलन गर्ने कार्य नेपाल रेडक्रस सोसाईटीको संयोजनमा अगाडी वढाइयो ।

### जिल्ला स्तरीय योजना तर्जूमाका लागि जिल्ला स्तरीय कार्याशाला

विपद् व्यवस्थापनको अवधारणा तथा महत्व माथि प्रष्टता ल्याई खतराको स्तरीकरण तथा जिल्लामा रहेका गापा तथा नगरपालिकालाई विपदका दृष्टिकोणले स्तरीकरण गर्ने (Hazard Ranking and VCA/Municipality ranking) तथा जिल्ला रहेको खतरालाई हेरी मुख्य खतराको क्षती अल्पिकरणका लागि कार्ययोजना तथा प्रतिकार्य कार्यलाई प्रभावकारी वनाउन क्षेत्रगत रुपमा (Cluster) कार्ययोजना वनाउने उद्देश्य राखी मिति २०७७ साल जेठ २ गते जिल्ला स्तरीय योजना तर्जुमाका लागि जिल्लास्तरीय कार्याशाला सम्पन्न भयो । कार्यशाला जिल्ला स्थित सरकारी निकायहरु, राजनैतिक पार्टिहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैह्र सरकारी संघ संस्था, नेपाल रेडक्रस लगायत ५१ संस्थाका ५३ प्रतिनिधिको सहभागिता रहेका उक्त कार्याशाला गोष्ठीमा जिल्लाको खतराको वर्गिकरणमा जिल्लास्तरीय सरोकारवाला निकायको वुझाईमा एकरुपता ल्याउने कार्यका लागि संकलित सूचनालाई प्रस्तुतिकरण गर्ने कार्य भयो । सहभागिको सल्लाह सूझावलाई समावेश गरि योजनालाई अन्तिम रुप प्रदान गरिएका थियो ।

### जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७ ( अध्यावधिक)

### विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने कार्य र प्रकिया :-

प्राकृतिक र मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुनसक्ने जनधनको क्षतिलाई न्युन गर्नका लागी झापा जिल्लाले विगत देखिनै योजनावद्ध रुपले कृयाकलापहरु सञ्चालन गर्दै आएको परिपेक्षमा **२०६७ साल देखि**

**विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना** तयार गरी सोहि अनुसार कार्य गर्दै आएको कार्यन्वयनबाट प्राप्त सुझाब र सिमाहरुका आधारमा आवश्यक परिमार्जन गर्ने गरिएको छ। बि.स.२०६४ देखि गृह मन्त्रालयले विपद् जोखिम न्युनीकरणमा संलग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार गर्नका लागि उद्धारकर्ताको संगठनात्मक भुमिका प्रकृया र पद्धतिको बारेमा छलफल गर्न बिभिन्न समयमा राष्ट्रसंघिय निकाय,अन्तराष्ट्रिय गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी तथा सरकारी अधिकारीहरुको संलग्नतामा जिल्ला क्षेत्र र केन्द्रिय तहमा भएका विभिन्न गोष्ठि तथा छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई समावेश गरी **विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन-२०६७** का प्राबधानहरु समेतलाई ध्यान दिई २०७३ सालमा परिमार्जित योजनालाई समयानुकुल र समय सापेक्ष बनाउने उद्धेश्यले मिति २०७७।०२।०४ गतेका दिन भएको कार्यशाला गोष्ठी तथा क्षेत्रगत आधार प्राप्त भएका सूचनालाई अध्यावधिक गरि योजनाको अन्तिम खाका तयार गर्नका लागी नेपाल रेडक्रस सोसाइटीलाई कार्य दिए बमोजिम २०७७ असार २६ गते योजना को अन्तिम खाका जिल्ला विपद व्यवस्थापन समिति झापामा पेश गरीएको थियो। जिल्ला विपद व्यवस्थापन समिति झापाको मिति २०७७।०३।२६ मा सम्पन्न वैठकबाट **विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना-२०७७** अनुमोदन गरी कार्यन्वयनमा ल्याएको छ।

जिल्ला विपद् सम्बन्धि कुनै घटना घटेको जानकारी हुनासाथ यस कार्ययोजनामा उल्लेखित बिषयगत क्षेत्रका अगुवा निकायहरु एवम् अधिकारीहरु स्वतः सकृय हुनेछन। साथै बर्षायाम भरी बिषयगत क्षेत्र भित्र रहेका निकाय तथा कार्यालयहरुलाई संयोजन गर्ने पदाधिकारीले आफ्नो अनुपस्थितीमा यो कार्ययोजना कार्यान्वयनमा तत्पर रहन अधिनस्थ कर्मचारी, पदाधिकारीलाई जानकारी एवम् निर्देशन दिनु पर्दछ। कार्ययोजनाको समग्र कार्यान्वयनको नेतृत्व जिल्ला विपद् व्यवस्थापन समिती झापाले गर्नेछ।

### १.३.५ बैठकको निर्णयहरु

जिल्ला विपद् व्यवस्थापन समिति, झापाले विभिन्न समयमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि विभिन्न निर्णयहरु गरेको छ । विभिन्न बैठकहरुमा विशेषगरी प्रतिकार्य योजना तर्जुमाका प्रक्रियागत र कार्यान्वयनका सम्बन्धमा छलफल भएको थियो ।

### १.३.६ प्रकोप जोखीम विश्लेषण

मुलतः झापा जिल्लामा वाढी, डुवान, आगलागी, जङ्गली हात्तीको आतंक, सडक दुर्घटना, वर्डफ्लू, खडेरी, चट्याङ्ग खतरा वा प्रकोपका रुपमा रहेको छ । साथै नेपाल भारतीय तथा तिव्वतीयन प्लेटको वीचमा रहेको हुँदा नेपाल देशनै भूकम्पका दृष्टिकोणले समेत निकै जोखिममा रहेको छ। यस कुरालाई मध्यनजर गर्दै यस जिल्लालाई समेत भूकम्पका दृष्टिकोणले निकै जोखिममा रहेको कुरालाई स्वीकार्न सकिन्छ।

| क.सं | नपा/ गापा | सम्भावित प्रकोप - उच्च, मध्यम, न्यून | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बाढी | आगलागी | जंङ्गलीहात्तीको आक्रमण | सडक दुर्घटना | भूकम्प | विपद् व्यवस्थापन कोष |
| १ | मेचीनगर नपा | मध्यम | मध्यम | उच्च | | न्यून | न्यून | |
| २ | बुद्धशान्ति गापा | न्यून | मध्यम | उच्च | | न्यून | न्यून | |
| ३ | भद्रपुर नपा | उच्च | मध्यम | मध्यम | | न्यून | न्यून | |
| ४ | विर्तामोड नपा | मध्यम | मध्यम | न्यून | | उच्च | न्यून | |
| ५ | अर्जुनधारा नपा | मध्यम | मध्यम | मध्यम | | मध्यम | मध्यम | |
| ६ | हल्दीबारी गापा | न्यून | मध्यम | मध्यम | | न्यून | न्यून | ५०,००००० |
| ७ | कचनकवल गापा | उच्च | मध्यम | न्यून | | न्यून | न्यून | ५०,००००० |
| ८ | बाह्रदशी गापा | उच्च | उच्च | न्यून | | न्यून | न्यून | |
| ९ | कनकाई नपा | मध्यम | न्यून | न्यून | | उच्च | न्यून | |
| १० | शिवसताक्षी नपा | उच्च | मध्यम | न्यून | | उच्च | न्यून | ७०,००००० |
| ११ | झापा गापा | उच्च | मध्यम | न्यून | | न्यून | न्यून | ५०,००००० |
| १२ | गौरीगंज गापा | मध्यम | मध्यम | न्यून | | न्यून | न्यून | ५०,००००० |
| १३ | गौरादह नपा | मध्यम | न्यून | न्यून | | मध्यम | न्यून | |
| १४ | कमल गापा | उच्च | मध्यम | न्यून | | मध्यम | न्यून | |
| १५ | दमक नपा | मध्यम | मध्यम | न्यून | | न्यून | न्यून | |

| **खतरा** | **बाढी** | **आगलागी** | **जङ्गली हात्ति आतंक** | **सडक दुर्घटना** | **भूकम्प** | **शितलहर** | **चट्याङ्ग** |
|---|---|---|---|---|---|---|---|
| **बाढी** | बाढी | बाढी | बाढी | बाढी | बाढी र भूकम्प | बाढी | बाढी |
| **भूकम्प** | बाढी र भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| **आगलागी** | * | आगलागी | आगलागी र जङ्गली हात्तीको आतंक | आगलागी | भूकम्प | आगलागी | आगलागी |
| **जङ्गली हात्ती आतंक** | * | आगलागी र जङ्गली हात्ती आतंक | जङ्गली हात्ती आतंक | जङ्गलीहात्ती आतंक | भूकम्प | * | * |
| **सडक दुर्घटना** | * | * | * | सडक दुर्घटना | भूकम्प | * | * |
| **शितलहर** | * | * | * | * | * | शितलहर | शितलहर र चट्याङ्ग |
| **चट्याङ्ग** | * | * | * | * | * | शितलहर र चट्याङ्ग | चट्याङ्ग |

तालिका : गा.पा तथा न.पा विपद् जोखीम स्तरीकरण

*सर्पदंस :- मध्यम   हावाहुरीः- उच्च   ** माहामारी :- मध्यम   खडेरीः- उच्च  शितलहरः- न्यून

### १.३.७. विपद्को अवस्था तथा कार्यान्वयनको योजना

विपद्को दृष्टिकोणबाट झापा जिल्ला बाढीको उच्च जोखिममा रहेको छ । जङ्गली जनावर तथा आगलागी अन्य महत्वपूर्ण प्रकोपहरु हुन् । गत पाँच बर्षको विपद् प्रभावित तथ्याङ्कको आधारमा यस वर्ष पनि १,५०० परिवार प्रभावित हुनसक्ने देखिन्छ । भुकम्पबाट विगतमा भएको क्षतिको यकिन तर्थ्यांङ्क जिल्लामा उपलब्ध हुन सकेन । यद्यपि भुकम्पीय दृष्टिकोणबाट जिल्लाका केहि गापा तथा नपा. का पुराना विद्यालय,निजी भवनहरु तथा संरचनाहरु जोखिममा रहेका छन ।

**विपद् सम्बन्धि तथ्याङ्क**

| सि.न. | विषय | २०१७ | २०१८ | २०१९ मे सम्म |
|---|---|---|---|---|
| १ | घटना संख्या | ९३ | १२१ | ४४ |
| २ | मृत्यु जम्मा | २१ | ११ | ४ |
| | पुरुष | १४ | ६ | ३ |
| | महिला | ७ | ५ | १ |
| ३ | वेपत्ता | ३ | ० | ० |
| ४ | घाईते | २२ | १४ | १२ |
| ५ | प्रभावित परिवार | २५२२ | २७७ | ७१ |
| ६ | घर क्षती | २४६६ | १२९ | ४९ |

### १.३.८. विषयक्षेत्रको अगुवा तथा सहयोगी संस्थाको विवरण

क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने जिल्लास्थित सम्बन्धित निकायहरू **(Cluster Leads)** सँग मिली मानवीय गतिविधि सञ्चालन गर्नका लागि निम्नलिखित क्षेत्रहरू **(Clusters)** गठन गरिएको छ । साथै ती क्षेत्रसँग सम्वन्धित सहयोगी निकायहरुको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ५: बिषयगत क्षेत्रहरु, अगुवा संस्था र सदस्यहरु**

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| **१) समन्वय तथा सूचना व्यवस्थापन** | जिल्ला समन्वय समिति | ▪ जिल्ला प्रशासन कार्यलय<br>▪ नेपाली सेना<br>▪ नेपाल प्रहरी<br>▪ सशस्त्र प्रहरी वल<br>▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ राष्ट्रिय अनुसन्धान<br>▪ खानेपानी तथा सरसफाई डिभिजन<br>▪ लुथरन विश्व फेडेरेशन | ▪ कृषि ज्ञान केन्द्र कार्यालय<br>▪ जिल्ला स्वास्थ्य<br>▪ नेपाल टेलिकम<br>▪ स्थानीय एफ.एम., पत्रपत्रिका<br>▪ नेपाल पत्रकार महासंघ<br>▪ सम्पुर्ण नपा र गापा प्रमुखहरु<br>▪ प्रिन्ट तथा ईलेक्ट्रोनिक मिडिया सम्बन्धि संस्था |
| **२) खोज तथा उद्धार** | जिल्ला प्रशासन कार्यालय | ▪ नेपाली सेना<br>▪ सशस्त्र प्रहरी<br>▪ नेपाल प्रहरी | ▪ भवन तथा शहरी विकास कार्यालय<br>▪ यान्त्रिक कार्यालय |

| | | | |
|---|---|---|---|
| | | ▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ राष्ट्रिय अनुसन्धान<br>▪ जि.स.स | ▪ सडक डिभिजन कार्यालय<br>▪ निर्माण व्यावसायी संघ<br>▪ स्थानीय समुदाय<br>▪ नेपाल स्काउट |
| **३) अस्थायी आवास तथा गैरखाद्य सामग्री** | जिल्ला प्रशासन कार्यालय झापा | ▪ नेपाल रेडक्रस सोसाइटी झापा शाखा<br>▪ जिल्ला समन्वय समिति<br>▪ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय<br>▪ सामुदायिक वन<br>▪ गैरसरकारी संस्थाहरु<br>▪ नागरिक समाज<br>▪ सुरक्षा निकायहरु | ▪ शैक्षिक संस्थाहरु<br>▪ LWF<br>▪ साहारा नेपाल<br>▪ जिल्ला स्वास्थ्य कार्यालय<br>▪ आइ ओ एम<br>▪ नेपाल विधुत प्राधिकरण<br>▪ जिल्ला वन कार्यालय<br>▪ भू संरक्षण कार्यालय<br>▪ वन उपभोक्ता महासंघ<br>▪ उधोग बाणिज्य संघ<br>▪ गा.पा न.पा.हरु<br>▪ जिल्ला पशु कार्यालय<br>▪ निर्माण व्यवसायी संघ |
| **४) बन्दोबस्ती** | ▪ जिल्ला प्रशासन कार्यालय | ▪ जिल्ला स.समिति<br>▪ नेपाली सेना<br>▪ सशस्त्र प्रहरी बल<br>▪ नेपाल प्रहरी<br>▪ राष्ट्रिय अनुसंन्धान<br>▪ नागरीक उड्डयान प्राधिकरण<br>▪ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय<br>▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ ट्रक/ ट्रयाक्टर व्यवसायी महासंघ<br>▪ निर्माण व्यवसायी महासंघ | ▪ जिल्ला बन कार्यालय<br>▪ जिल्ला भू संरक्षण<br>▪ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय<br>▪ नेपाल विधुत प्राधिकरण<br>▪ स्थानिय निकाय<br>▪ सडक डिभिजन कार्यालय<br>▪ मेची अंचल यातायात व्यवस्थापन कार्यालय<br>▪ यान्त्रिक कार्यालय<br>▪ दुरसंचार प्रधिकरण<br>▪ नेपाल आयल निगम<br>▪ बस व्यावसायी संघ<br>▪ पेट्रोलियम एसोसीयसन<br>▪ ट्राभल एशोसियसन<br>▪ होटल व्यवसायी |
| **५) स्वास्थ्य तथा पोषण , शिक्षा, खानेपानी तथा सरसफाइ, संरक्षण, कृषि तथा खाद्य सामाग्री** | ▪ गाउँपालिका, नगरपालिका | ▪ नेपाल रेडक्रस सोसाइटी<br>▪ मेची अंचल अस्पताल<br>▪ जिल्ला आयुर्बेद अस्पताल | ▪ नेपाली सेना<br>▪ युनिसेफ<br>▪ महिला स्वास्थ्य स्वयंसेविका<br>▪ आइ.ओ.एम<br>▪ नाइट चेस क्लब |

| | | | |
|---|---|---|---|
| | | ▪ जिल्ला पशु सेवा कार्यालय<br>▪ औषधि व्यवसायी संघ<br>▪ खानेपानी तथा सरसफाइ कार्यालय<br>▪ सामुदायिक प्रहरी<br>▪ नेपाल बार एसोसीएसन<br>▪ अन्तर पार्टी महिला संजाल<br>▪ सेभ द चिल्ड्रेन<br>▪ मानव अधिकार | ▪ विश्व खाद्य कार्यक्रम<br>▪ निजी अस्पताल संचालन समिति<br>▪ शिक्षक युनियन<br>▪ शिक्षक संघ/ संगठनहरु<br>▪ आर.आर.एन नेपाल<br>▪ गै.सरकारी महासंघ<br>▪ नेपाल चिकित्सक संघ<br>▪ अपाङ्ग महासंघ<br>▪ अपाङ्ग समन्वय मञ्च |

बिभिन्न क्षेत्रसँग सम्बन्धित निकायहरुको सम्पर्क व्यक्ति र नम्बर तलको तालिकामा प्रस्तुत गरिएको छ।

## १.३.१०. निकायगत भूमिका तथा जिम्मेवारी

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने।<br>▪ आवश्यकता अनुसार क्षेत्रीय तथा केन्द्रीय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक को लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जि.स.स प्रमुख | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ आवास तथा पुनःस्थापना कार्य गर्ने<br>▪ स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | ▪ मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने।<br>▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा रहि सहयोग गर्ने |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रवन्धकारी भूमिका निर्वाह गर्ने<br>▪ खाद्य गैर खाद्यसामाग्री तथा अस्थाइ आवासको व्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा सवर्क्षेणमा स्वयंसेवक परिचालन गर्ने<br>▪ प्रकोपको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने |

| | | | |
|---|---|---|---|
| ६. | नगरपालिका / गाउँपालिका | गापा नपा प्रमुखहरु | ▪ मानवस्रोत परिचालन गर्ने<br>▪ तथ्याङ्क संकलन गर्ने<br>▪ स्रोत व्यवस्थापन गर्ने<br>▪ गै.स.स. वीच समन्वय<br>▪ अन्य संधसस्थाहरु संग समन्वयको कार्य गने<br>▪ राहत तथा उद्धारको व्यवस्था गर्ने<br>▪ प्रकोपको समयमा बन्दोबस्ती (Logistic) व्यवस्थापन गर्ने |
| ७ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने |
| ८ | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना RTE जस्तै चिउरा, भुजा, विस्कुट आदि, खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ९ | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १० | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ▪ सहि सूचना संकलन तथा सम्प्रेषण |
| ११ | नागरिक समाज | संयोजक | ▪ राहत तथा उद्धार कार्यमा सहयोग तथा समन्वय<br>▪ मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| १२ | पेशागत व्यवसायी (निर्माण व्यवसायी, काष्ठ व्यवसायी तथा जल उपभोक्ता महासंघ, समति, सामुदायीक वन समतिहरु) | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १३ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने<br>▪ स्रोत संकलनमा सहयोग गर्ने<br>▪ गै.स.स. वीच समन्वय<br>▪ क्षमता विकास तथा सहजीकरण कार्य गर्ने |

## २. जिल्ला श्रोत साधन आकंलन

## २.१ प्रमुख साझेदारहरुको विवरण

| क्र.सं | कार्यालय वा संस्था | मोबाइल नम्बर | कार्यालयको टेलिफोन | कैफियत | गा.पा.र न.पा को विपद सर्म्पक |
|---|---|---|---|---|---|

| | | | | | व्यक्तिको विवरण थप्ने |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, झापा | ९८५२६७१५ ४५ ९८५२६७१० ८३ | ०२३४५५१२५ ०२३४५५१९१ | | |
| २ | जिल्ला समन्वय समिति | ९८१७०७७७ ०७ | ०२३४५५०३४ | | |
| ३ | सशस्त्र प्रहरी वल पाथिभरा गण मेची | ९८४७३२० ८६२ | ०२३ ५८२२४४ | | |
| ४ | सशस्त्र प्रहरी वल हे. क्वा २ नं | ९८५१२७२१ ०१ | ०२३-५२०२३५, | | |
| ५ | श्री नयाँ श्री गण, चारआली | | ०२३ ४६००८० | | |
| ६ | जिल्ला प्रहरी कार्यालय, झापा | ९८४२६८२ ८८२ | ०२३ ४५५०५५ | | |
| ७ | मेचीनगर नगरपालिका | ९८४२६७२२ ९३ | ०२३५६२२१३ | स्थानीय तह | |
| ८ | बुद्धशान्ति गाउँपालिका | ९८५२६७७७ ५५ | ०२३५५५२०८ | स्थानीय तह | |
| ९ | भद्रपुर नगर पालिका | ९८४२६७९९ ९९ | ०२३५२०१४८ | स्थानीय तह | |
| १० | अर्जनधारा नगरपालिका | ९८५२६७२३ ११ | ०२३४६५५०३ | स्थानीय तह | |
| ११ | विर्तामोड नगरपालिका | ९८४२६७२० ४६ | ०२३४५०३१५ | स्थानीय तह | |
| १२ | हल्दिबारी गाउँपालिका | ९८०६०५११ ८८ | ९८१८९५७२१८ | स्थानीय तह | |
| १३ | केचनकवल गाउँपालिका | ९८१५९१५६ ८० | ९८५२६५२१० | स्थानीय तह | |
| १४ | कनकाई नगरपालिका | ९८५२६७२६ ३८ | ०२३४०११११ | स्थानीय तह | |
| १५ | बाह्रदशि गाउँपालिका | ९८०६०१८ ४९४ | . | स्थानीय तह | |
| १६ | झापा गाउँपालिका | ९८०६०७५६ १६ | ९८५२६३०९०० | स्थानीय तह | |
| १७ | शिवसताक्षी नगरपालिका | ९८१४०७६० ८१ | ०२३४७०३२३ | स्थानीय तह | |
| १८ | गौरीगंज गाउँपालिका | ९८५२६७६६ ९६ | ०२३४१२०४४ | स्थानीय तह | |
| १९ | कमल गाउँपालिका | ९८४२६३०० ६८ | ०२३४७५०९९ | स्थानीय तह | |
| २० | दमक नगर पालिका | ९८४४६७७६ ६६ | ०२३५८०१३७ | स्थानीय तह | |
| २१ | गौरादह नगरपालिका | ९८४२०३८ ९९५ | ०२३४८००४४ | स्थानीय तह | |
| २२ | जिल्ला पशु सेवा कार्यालय | ९७४५०३४ ८०२ | ०२३ ५२००८७ | | |
| २३ | जिल्ला भू संरक्षण कार्यालय, झापा | ९८४२६३५२ ६७ | ०२३४५६११६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ९८४२६२६६ ७४ | ०२३ ४५६०६६ | | |
| २५ | जिल्ला स्वास्थ्य कार्यालय | ९८४२६२८१ ३८ | ०२३२००४२ | | |
| २६ | जिल्ला कृषि विकास कार्यालय, झापा | | ०२३४५५०५६ | | |
| २७ | नेपाल टेलिकम | | ०२३ ५२१४४४ | | |
| २८ | मेची अञ्चल अस्पताल | ९८४२६३४९ ०५ | ०२३ ४२०१७२ | | |
| २९ | जिल्ला वन कार्यालय | ९८४२०२३५ ०५ | ०२३४५५०५३ | | |
| ३० | नेपाल रेडक्रस सोसाइटी | ९८५२६७२६ ९८ | ०२३५२०१०२ | | |
| ३१ | आम्दा नेपाल | ९८४२६४८ ०३३ | ०२३ ५८२२७५ | | |
| ३२ | सहारा नेपाल | ९८४२६६५३ ९९ | ०२३ ५४११९८ | | |
| ३३ | लुथरन बिश्व फेडेरेसन | | ०२३५८४०१६ | | |

## २.२ प्रतिकार्यमा सहयोग गर्ने साझेदारहरुको क्षमता र सहयोग सामग्री आँकलन

| क्र.सं. | सामग्री, मानव संशाधन | एकाई | उपलब्ध संख्या | उपलब्ध ठाउँ | जिम्मेवार संस्था | अतिरिक्त आवश्यकता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१** | **मानव संशाधन** | | | | | | |
| | सुरक्षा निकायमा उद्धारका लागि आधारभूत तालिम प्राप्त व्यक्ति<br><br>विपद् उद्धार तथा राहत समूह (DDRT)<br>Community Action for Disaster Response Team (CADRE) | जना | **३६५ जना प्रहरी तथा ५२८ जना शसस्त्र प्रहरी तथा १२७ नेपाली सेना**<br><br>**१२५ (DDRT)**<br><br>**135 CADRE** | जिल्ला सदरमुकाम तथा जिल्ला मा रहेका नेपाली सेना शसस्त्र प्रहरी तथा नेपाल प्रहरी का विभिन्न पोष्ट बाट<br><br>ने.रे. सोसाइटी<br><br>नेपाल रेडक्रस सोसाइटी | जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी<br><br>नेपाल रेडक्रस सोसाइटी<br><br>नेपाल रेडक्रस सोसाइटी | आपतकालिन अवस्थामा १०० जना जनशक्ति शसस्त्र प्रहरी बल बाट थप परिचालन गर्न सकिने छ। | उद्धारका लागि तालीम प्राप्त सुरक्षाकर्मीहरुले उद्धार सामग्री सहित निरन्तर घटना अभ्यास गर्नुपर्ने<br>आपतकालिन समयमा २०० जना प्रहरी परिचालन गर्न सकिने<br>आपतकालिन समयमा कमसेकम ३०० जना नेपाली सेना परिचालन गर्न सकिने |
| | तालिम प्राप्त स्वास्थ्यकर्मी | जना | ११ जनाको द्रुत प्रतिकार्य समूह | जिल्लाको सदरमुकाम बाट | जिल्ला स्वास्थ्य कार्यालय | थप जनशक्ति १५ अस्पतालवाट परिचालन गर्न सकिने। | ३ देखि ५ जनासम्म तालीम प्राप्त स्वास्थ्यकर्मी गा.पा मा उपलब्ध |
| | | | आन्तरिकसेवाका लागि ....१० . जनाको द्रुत प्रतिकार्य समूह | मेची अंचल अस्पताल | मेची अस्पताल | | नेपाली सेनाबाट अतिरिक्त स्वास्थ्यकर्मी उपलब्ध हुन सक्ने |
| | विपद् व्यवस्थापनमा तालिम प्राप्त व्यक्ति | जना | ३० | जिल्ला शाखा/उपशाखाहरू | नेपाल रेडक्रस सोसाइटी | २० | |
| | प्राथमिक उपचार तालिम प्राप्त व्यक्ति | जना | १२५ | नेपाल रेडक्रस सोसाइटी को २७ उप शाखा | नेपाल रेडक्रस सोसाइटी | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्य तालिम प्राप्त व्यक्ति तथा स्वयंसेवकहरु | | | जिल्ला र गा.पा र नपाहरुमा | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी र गैह्रसरकारी संघसंस्थाहरु | १४० | |
| २ | **२-३ हप्ताका लागि तयारी खाना** | | | | | | |
| | चिउरा | क्विन टल | ५० | जिल्ला तथा प्रमुख व्यापारी केन्द्र बाट | जिल्ला विपद् व्यावस्थापन समिति /उद्योग बाणिज्य संघ/रेडक्रस / साहारा नेपाल | ३०० क्वीटल | |
| | बिस्कुट | कार्टु न | ५०० | जिल्ला | " | १००० | |
| | चाउचाउ | कार्टु न | ५०० | जिल्ला | " | " | |
| | (Staple)मुख्य खानाका साधनहरु | | | | " | " | |
| | दाल | क्विन टल | ५० | जिल्ला सदरमुकाम तथा विर्तामोड वजारहरु | " | " | " |
| | नुन | क्विन टल | १० | जिल्ला सदरमुकाम | " | " | " |
| | तेल | लिटर | २००० | जिल्ला सदरमुकाम | " | " | " |
| | चामल | क्विन टल | ३०० | जिल्ला सदरमुकाम | " | " | " |
| | चिनी | क्विन टल | ५० | जिल्ला सदरमुकाम | " | " | " |
| ३ | शैक्षिक संस्थाहरु | वटा | ५०० | गापा.तथा नपाहरु | | - | सरकारी विद्यालय तथा निजी विधालय |
| ४ | गैह्र खाद्य सामग्री | सेट | ३५० परिवारका लागि | जिल्ला | नेपाल रेडक्रस सोसाइटी | ३५० परिवारका लागि गोदाममा हुनुपर्ने | |
| ५ | **स्वास्थ्य तथा पोषण** | | - | जिल्ला | जन स्वास्थ्य कार्यालय | | |
| | स्वाास्थ्य केन्द्रमा औषधीको स्टक | | - | - | जिल्ला स्वास्थ कार्यालय | Diarrohea रोकथामको लागि प्रत्येक गापा मा कम्तिमा २५० जनाको लागि औषधीको ब्यवस्था गर्नु पर्ने | दैनिक प्रयोगका लागि उपलब्ध |
| | झुल | | - | - | " | | |
| | सुत्केरी गराउने साधन | | - | - | " | प्रत्येक गा.पा न.पा मा कम्तिमा १ सेट उपलब्ध गराउनु पर्ने | |
| | रक्तसञ्चार केन्द्र | वटा | .३ | जिल्ला | नेपाल रेडक्रस सोसाइटी | ८८५ प्वाइन्ट मात्र स्टोर गर्न सक्ने क्षमता रहेको अन्यथा फ्रेस रगत प्रयोग गर्नुपर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्राथमिक उपचार बाकस | वटा | १०० | जिल्ला शाखा, उपशाखा र गा.पा हरु | नेपाल रेडक्रस सोसाइटी र जिल्ला स्वास्थ्य कार्यालय | ५ वाकस का दरले प्रति गा.पा नपा लाई उपलब्ध गराउनु पर्ने आवश्यकता | |
| | स्वास्थ्य संस्था | वटा | ६४ | - | - | - | |
| | स्ट्रेचर संख्या | संख्या | २० थान | जिल्ला गा.बि.स.हरुमा | नेपाली सेना,नेपाल रेडक्रस सोसाइटी र अस्पताल | थप ४० आवश्यक | |
| | तालिम प्राप्त स्वास्थ्यकर्मी | जना | | जिल्ला स्वास्थ्य कार्यालय/इलाका/गा.वि.स. | जिल्ला स्वास्थ्य कार्यालय | आवश्यकता अनुसार विपद् व्यवस्थापनका लागि परिचालन हुने गरी | |
| | एन्थ्रोपोमेट्रिक साधनहरु | वटा | नभएको | जिल्ला स्वास्थ्य कार्यालय/स्वा.चौ./प्रा. स्वा.के. | जिल्ला स्वास्थ्य कार्यालय | स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंमसेविकाहरुको लागी | दैनिक प्रयोगको लागि उपलब्ध हुने गरी |
| | स्वास्थ्य सुचना तथा संचारका सामाग्रीहरु | वटा | नभएको | जिल्ला जनस्वास्थ्य कार्यालय/स्वा.चौ./प्रा. स्वा.के. | जिल्ला स्वास्थ्य कार्यालय | विपद् पश्चातको अवस्थामा स्वास्थ्य शिक्षा प्रदान गर्न प्रयोग हुने | |
| | उपचारात्मक खानाको सामाग्रीहरु | | | जिल्ला स्वास्थ्य कार्यालय/स्वा.चौ./प्रा. स्वा.के./मेचि अञ्चल अस्पताल | जिल्ला स्वास्थ्य कार्यालय | कुपोषित बालबालिका,गर्भवति तथा सुत्केरी महिलाहरुको लागि | |
| | Stabilization Center को सामाग्रीहरु | | | जिल्ला स्वास्थ्य कार्यालय/स्वा.चौ./प्रा. स्वा.के./मेचि अञ्चल अस्पताल | जिल्ला स्वास्थ्य कार्यालय | | |
| ६ | **खानेपानी तथा सरसफाईका साधनहरु** | | | | | | |
| | शौचालयको उपलब्धता | | - | - | - | - | |
| | स्वास्थ्य तथा सरसफाईका साधन | | - | - | जिल्ला खानेपानि कार्यालय | हरेक गा.पा नपा मा (५०० पियुस वा वाटरगाई) पानी शुद्धिकरण चक्किको ब्यवस्था गर्नु पर्ने | - |
| | गापास्तरमा सरसफाई स्वयमसेवक व्यवस्थापन गर्नुपर्ने | जना | प्रत्येक गापामा १० जनाका दरले | - | - | - | - |
| ७ | **सूचना सञ्चार तथा जनचेतनाका साधनहरु वा तरिकाहरु** | | - | - | - | - | - |
| | एफ एम रेडियो स्टेशन | वटा | १५ | | - | - | - |
| | स्थानीय पत्रपत्रिका | संख्या | ७ | प्रकाशित हुने स्थान | - | - | - |
| | टेलीफोन सुविधा | संख्या | सबै गा.पा हरुमा | जिल्ला र गा.पा हरुमा | गा.पा | प्रतिकार्य कार्यका लागि पर्याप्त | - |
| | सूचना सञ्चार तथा शिक्षा सामग्री | संख्या | - | - | जिल्ला बिकास समिति ,जिल्ला स्वास्थ कार्यालय, | पूर्वतयारि तथा प्रतिकार्य कार्यका लागि पर्याप्त हुने | - |
| | पूर्व सूचना प्रणाली (हाते माइक) | संख्या | प्रत्येक नपा,गापा हरुमा | - | सबै साझेदारहरु | न्यूनतममा पनि प्रति गापा नपा | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मा एउटा हाते माइक हुनुपर्ने | |
| ८ | **उद्धार तथा बन्दोबस्ती सामग्री** | | - | - | - | - | - |
| | एम्बुलेन्स | संख्या | १११ | विभिन्न अस्पताल एवम् सघसंस्था | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला प्रशासन कार्यालय, सहयोगि निकायमा नेपाल रेडक्रस सोसाइटी तथा अन्य संस्था | प्रतिकार्य कार्यका लागि प्रर्याप्त हुने | - |
| | दमकल | संख्या | ३ | दमक, भद्रपुर, मेचीनगर | नगरपालिका | कार्य गर्न अप्रयाप्त | - |
| | स्ट्रेचर संख्या | संख्या | २० भन्दा बढी | अस्पतालहरु एवम् स्वास्थ्य संस्थाहरु | नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी र अस्पताल | थप ४० थान आवश्यक | - |
| | गोदाम | संख्या | १ | जिल्लामा | नेपाल रेडक्रस सोसाइटी | न्यूनतम पनि ३०० सेट राहत सामग्री आवश्यक | - |

## २.३ प्रतिकार्यका लागि क्षेत्रगत अगुवा/सहयोगी निकायहरु

| **क. सं** | **क्षेत्र** | **संघ/संस्था** | **सम्पर्क व्यक्ति** | **सम्पर्क ठेगाना** | **सम्पर्क नम्बरहरु** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला समन्वय समिति | प्रमुख | भद्रपुर | ९८१७०७७७०७ | |
| २ | खोजतलास र उद्धार | प्रहरी र नेपाली सेना | प्रहरी उपरिक्षक गणपति,शसस्त्रप्रहरी उपरिक्षक | जिल्ला प्रशासन कार्यालय,झापा | ०२३४५५०५५<br>०२३४६००८०<br>०२३५८२२४४ | |
| ३ | बन्दोबस्ती | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | भद्रपुर | ०२३४५५१२५<br>०२३४५५१९१ | |
| | | जिल्ला समन्वय समिति | प्रमुख | जिल्ला समन्वय समिति, झापा | ०२३४५५१६५<br>०२३४५५०८४ | |
| | | झापा उद्योग बाणिज्य संघ | अध्यक्ष | भद्रपुर | ०२३५२००५८ | |
| ४ | आवाश/गैर खाद्य सामग्री | नेपाल रेडक्रस सोसाइटी | सभापति | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा | ९८५२६७२६९८,<br>०२३५२०१०२ | |
| ५ | खानेपानी तथा सरसफाई ,स्वास्थ्य तथा पोषण,शिक्षा,खाद्य र संरक्षण | गाउँपालिका र नगरपालिका | प्रमुख र उपप्रमुखहरु सबै | गापा नपाको कार्यलय | | |
| | | खानेपानी तथा सरसफाइ डिभिजन,कार्यालय | कार्यलय प्रमुख | खानेपानी तथा सरसफाई | ९८४२६२६६७४,<br>०२३४५६०६६ | |
| | | जिल्लास्वास्थ्य कार्यालय | कार्यलय प्रमुख | जिल्लास्वा. का. | ०२३५२००४२ | |
| | | मेची अंचल अस्पताल | मेडिकल सुपरिटेन्डेण्ट. | मेची अंचल अस्पताल | ०२३५२१०११ | |

## २.४ प्रतिकार्यका लागि क्षेत्रगत अगुवाहरु

| **क्रम संख्या** | **विषयगत क्षेत्र** | **अगुवा निकायहरु एवम् सहयोगी संघसंस्थाहरु** | | | |
|---|---|---|---|---|---|
| | | **संघ/संस्थाको नाम १:** | **संघ/संस्थाको नाम २:** | **संघ/संस्थाको नाम३ :** | **संघ/संस्थाको नाम ४:** |
| १ | समन्वय तथा सुचना व्यवस्थापन | जिल्ला समन्वय समिति | जिल्ला प्रशासन कार्यालय | नेपाली रेडक्रस सोसाईटी | सुरक्षा निकायहरु |
| २ | खोजतलास र उद्धार | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना /शसस्त्र प्रहरी बल | नेपाली प्रहरी | नेपाल रेडक्रस सोसाइटी |
| ३ | बन्दोबस्ती | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति | ढुवानी व्यवसायी संघ, संगठन | उद्योग बाणिज्य संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अस्थायी आवाश/गैरखाद्य सामग्री | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति/ ने रे सो | जिल्ला समन्वय समिति | झापा उद्योग वाणिज्य संघ, साहारा नेपाल, लुथरन विश्व फेडेरेसन, |
| ५ | खानेपानी तथा सरसफाई,स्वास्थ्य तथा पोषण,खाद्य सामग्री,शिक्षा, संरक्षण | सबै नगरपालिका र गाउँपालिकाहरु | जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, अंचल अस्पताल | नेपाल रेडक्रस सोसाइटी ,जिल्ला स्वास्थ्य कार्यालय,खानेपानी तथा सरसफाई डिभिजन | विश्व खाद्य कार्याक्रम,सेभ द चिल्ड्रेन, युनिसेफ सहारा नेपाल |

# २.५ क्षेत्रगत कार्य र मुख्य पूर्वतयारीका गतिविधिहरु:

| क.सं. | क्षेत्रगत गतिबिधि | के गर्ने (क्रियाकलापहरु) | मुख्य जिम्मेवारी | सहयोगी निकायहरु | समयसीमा | अनुगमनकर्ता | साधन स्रोत - बजेट) व्यवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | **समन्वय तथा सूचना व्यवस्थापन** | स्थानिय,राष्ट्रिय स्तरमा समन्वय गरीने | जि.स.स.प्रमुखर प्र.जि.अ, | जिल्ला समन्वय समिति | **नियमित** | जिल्ला समन्वय समिति | आन्तरीक स्रोत | |
| २ | **खोजतलास र उद्धार** | ४० देखि ५० जना सुरक्षाकर्मीलाई घटना अभ्यास सहितको खोज तथा उद्धार तालीम | सुरक्षानिकाय | नेपाल रेडक्रस सोसाइटी | वर्षा मौसम अगावै | जिल्ला विपद् व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाइटी, | स्रोत जुटाउने | |
| | | प्राथमिक उपचारकहरुलाई पुनर्ताजगी तालिम | नेपाल रेडक्रस सोसाइटी | | आवश्यक्ता का आधारमा | | आन्तरीक | |
| | | न्यूनतम खोज तथा उद्धार सामग्रीको व्यवस्था गर्ने । (लाईभ ज्याकेट, ट्युव, डोरी) | सबै नपा र गापाहरु जिल्लासमन्वय समिति तथा जिल्ला विपद् व्यवस्थापन समिति | | | | | |
| ३ | **बन्दोबस्ती** | आवश्यकताको आधारमा राहत तथा उद्दारका लागि साधन र स्रोत व्यवस्थापन | सबै गापा र नपाहरु जिल्ला प्रशासन कार्यालय | जि. .स. स. ढुवानी व्यवसायी | आवश्यक्ता को आधारमा | जिल्ला प्रशासन कार्यालय | समन्वय गरीने | |
| ४ | **आवाश/गैर खाद्य सामग्री** | थप ३५०. सेट गैह्र खाद्य सामग्रीको व्यवस्थापन - क्षेत्रगत रुपमा राख्न सकिने भए उल्लेख गर्ने) | नेपाल रेडक्रस सोसाइटी , झापा | जिल्ला समन्वय समिति तथा जिल्ला विपद् व्यवस्थापन समिति ,लुथरन विश्व फेडेरेसन, साहारा नेपाल | नियमित | नेपाल रेडक्रस सोसाइटी, झापा | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरुलाई गैह्र खाद्य सामग्री वितरण तथा रेकर्ड राख्ने तरिकाबारे अभिमुखीकरण | नेपाल रेडक्रस सोसाइटी | जिल्ला समन्वय समिति तथा जिल्ला विपद् व्यवस्थापन समिति | चैत्र, बैशाख | नेपाल रेडक्रस सोसाइटी, जिल्ला विपद् व्यवस्थापन समिति | | |
| | | प्रत्येक वाढीवाट प्रभावित हुने स्थानमा आवतकालिन आवासका लागि सुरक्षित स्थल पहिचान गर्ने | जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी | जिल्ला समन्वय समिति तथा जिल्ला विपद् व्यवस्थापन समिति | चैत्र, बैशाख | जिल्ला विपद् व्यवस्थापन समिति रहने सबै निकाय । | | |
| | | प्रत्येक गापा नपा मा १ जनालाई प्रारम्भिक द्रूत लेखाजोखा प्रतिवेदन तालीम दिने | जिल्ला प्रशासन,जिल्ला समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी | जिल्ला समन्वय समिति तथा जिल्ला विपद् व्यवस्थापन समिति | बैशाख,जेठ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला विपद व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समितिको श्रोत बाट व्यवस्था गरिने | |
| | | गोदाम व्यवस्थापन | नेपाल रेडक्रस सोसाइटी | | चैत्र बैशाख भित्रगोदाम व्यवस्थापन गरि सक्ने | | | |
| | | बासस्थान व्यवस्थापनका लागि स्थानको पहिचान तथा स्थानीय स्तरमा बासस्थान बनाउने सामग्री व्यवस्थापन | जिल्ला विपद् व्यावस्थापन समिति, जिल्ला विकास समिति | जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र नेपाल रेडक्रस सोसाइटी | जेठ, असार | | | |
| ५ | **खानेपानी तथा सरसफाइ,स्वास्थ्य तथा पोषण, शिक्षा,संरक्षण खाद्य सामाग्री** | १.स्वयंसेवक, कर्मचारी, शिक्षक युवा गरी प्रत्येक गा.पा नपा मा २ जनालाई खानेपानी तथा सरसफाई प्रवर्धन तालीम दिने र १२ जनाको प्रारम्भिक द्रूत लेखाजोखा समूह निर्माण<br>२. जनचेतना | गापा र नपा कार्यलयहरु | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी | बैशाख र जेठ<br>वर्षमा २ पटक जनचेतना | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी र स्थानीय सरोकारवालाहरु | आन्तरिक श्रोत | |
| | | सरसफाई सामग्री तयार गर्ने | गापा नपा कार्यलयहरु | जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी | वर्षा मौसम अगावै | | आन्तरिक श्रोत | |
| | | सडक नाटक, माइकिङ सूचना शिक्षा तथा सञ्चारसामग्री प्रकाशन तथावितरणबाट स्वास्थ्य शिक्षातथा जनचेतना | गाप र नपा कार्यलय जिल्ला स्वास्थ्य कार्यालय | जिल्ला अस्पताल | आवश्यकताका आधारमा | | आन्तरिक श्रोत | |
| | | आपतकालिन औषधीहरु जिबनजल आदीको भण्डारण तथा प्राथमिक उपचार बाकसको व्यवस्था | गापा र नपा कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय | जिल्ला अस्पताल | वर्षा मौसम अगावै | जिल्ला विपद् व्यस्थापन समिति जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी | नियमित श्रोत बाट | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | झूल वितरण तथा झूल को प्रयोग वारे जनचेतना जगाउने | गापा नपा रजिल्ला स्वास्थ्य कार्यालय | नेपाल रेडक्रस सोसाइटी | आवश्यकताका आधारमा | | इ.डि.सि.डि.बाट प्राप्त हुनेगरी | |
| | | कुपोषण व्यवस्थापनको लागि खाना र उपचारात्मक खानाको भण्डारण | गापा नपा र जिल्ला स्वास्थ्य कार्यालय | मेचि अञ्चल अस्पताल | बर्षा मौसम अगावै | जिल्ला विपद् व्यवस्थापन समिति जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी र स्थानीय सरोकारवालाहरु | बाल स्वास्थ्य महाशाखाबाट प्राप्त हुने गरी | |
| | | स्वास्थ्य सम्बन्धी सकारात्मक व्यवहार परिवर्तनबारे जनचेतना जगाउने | जिल्ला स्वास्थ्य कार्यालय | मेचि अञ्चल अस्पताल | आवश्यकताको आधारमा | | नियमित श्रोत | |
| | | शैक्षिक सामग्रीको व्यवस्थापन ,प्राथमिक विद्यालयका विद्यार्थीका लागि पुस्तक भण्डारण | गापा र नपाहरु | गैह्र सरकारी संघसंस्थाहरु तथा क्षेत्रगत एजेन्सीहरु | आवश्यक्ताका आधारमा | | नियमित श्रोत बाट | |
| | | हाजिरी जवाफ प्रतियोगिता, बादविवाद प्रतियोगिता, सुचना सञ्चार तथा शिक्षा सामग्री मार्फत् जनचेतना | गापा र नपाहरु | शिक्षक तथा स्वयंसेवकहरु | आवश्यक्ताका आधारमा | | | |
| | | विपद् प्रभावितहरुको रेखदेख, हेरचाह तथा सुरक्षा | गापा नपा | टि. पि. ओ. नेपाल युनिसेफ एस सि एफ | आवश्यकताका आधारमा | गापा र नपाका विभागहरु | आन्तरिक | |
| | | प्रभावित हुन सक्ने गापा र नपागत रुपमा खाद्य सामग्रीको विश्लेषण गर्ने | गापा नपा | जिल्ला विपद् व्यवस्थापन समिति,झापा उद्योग बाणिज्य संघ ,नेपाल रेडक्रस सोसाइटी, झापा, विश्व खाद्य कार्यक्रम | प्रत्येक वर्षको वैशाखमा | जिल्ला विपद् व्यस्थापन समिति | जिल्ला विपद् व्यस्थापन समितिले जिल्लास्तरमा समन्वय गरि गर्ने | |

## ५.६ क्षेत्रगत अगुवाहरुको क्षमता आकंलन

| क्र. सं. | साझेदारको नाम | सम्पर्क व्यक्ति | खाद्य सामग्री छ भने चिन्ह लगाउने | गैर खाद्य सामग्री छ भने चिन्ह लगाउने | औषधी/स्वास्थ्य र सरसफाई सामग्री छ भने चिन्ह लगाउने | उपलब्ध आकस्मिक कोष | प्रवन्ध व्यवस्था ( सवारी साधन, औजार, गोदाम, आदि) | जनशक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाल रेडक्रस सोसाइटी | सभापति | छैन | छ | प्राथमिक उपचार किट | छैन | ३५०सेट राहत सामग्रीको लागी गोदाम घर भएको तर सवारी साधन नरहेको । | रहेको | |
| २. | श्री सिंहनाथ गण, नेपाली सेना | सह सेनानी | छैन | छैन | छैन | छैन | छ | एक कम्पनी १२७ जना | |
| ३. | गाउँपालिका र नगरपालिका सबै | मेयर ,अध्यक्ष | छैन | छैन | छ | छ | दमकल, ट्रक, स्काई भेटर, बाटर बोट, | छ | |
| ४. | जिल्ला भू-संरक्षण कार्यालय झापा | प्रमुख | छैन | छैन | छैन | छैन | छ | ३ जना | |
| ५. | सहारा नेपाल | प्रमुख | छैन | छैन | छैन | छ | मोटर साईकल | छ जनशक्ति तोक्नुपर्ने | |
| ७. | जिल्ला भूसंरक्षण केन्द्र | प्रमुख | छैन | छैन | छैन | छ | मोटर साईकल | छ जनशक्ति तोक्नुपर्ने | |
| ८. | जिल्ला स्वास्थ्य कार्यालय | प्रमुख | छैन | छैन | छ | छैन | मोटर साईकल, पिकअप भेन । | छ जनशक्ति तोक्नुपर्ने | |
| ९. | जिल्ला पशुसेवा कार्यालय | प्रमुख | छैन | छैन | छ | छैन | मोटर साईकल, पिकअप गाडी | छ जनशक्ति तोक्नुपर्ने | |
| १०. | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरिक्षक | छैन | छैन | छैन | छैन | टोयटा पिकअप | छ जनशक्ति तोक्नुपर्ने | |
| ११. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | प्रमुख | छैन | छैन | छ | छैन | जनशक्ति १२ जना टोयटा पिक अप १ थान | छ जनशक्ति तोक्नुपर्ने | |
| १२. | जिल्ला समन्वय समिति | प्रमुख | छैन | छैन | छैन | छ | टोयटा पिकअप | छ जनशक्ति तोक्नुपर्ने | |
| १३. | नेपाली सेना,भद्रपुर | सह सेनानी | छैन | छैन | छैन | छैन | ट्रक, | छ जनशक्ति तोक्नुपर्ने | |
| १४. | सामुदायिक अस्पताल | अध्यक्ष | छैन | छैन | छैन | छैन | छैन | छ जनशक्ति तोक्नुपर्ने | |

## १.समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको नेतृत्व र सदस्य

समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको लागि निम्नअनुसारका संस्था र तिनका प्रतिनिधि रहेको समिति निर्माण गरिएको छ, जसको सम्पर्क ठेगाना निम्नअनुसार छ :

| क्र.सं | निकाय तथा संस्था | पद | ठेगाना | फोन/मोवाइल | कैफयत |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति झापा | प्रमुख | झापा | ०२३४५५०८४ | |
| २ | जिल्ला प्रशासन कार्यालय | प्र. जि.अ. | झापा | ०२३४५५१२५ | |
| ३ | नेपाली सेना | गणपति | झापा | ०२३४६००८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शसस्त्र प्रहरी बल | स. प्र.उपरिक्षक | झापा | ०२३५८२२४४ | |
| ५ | नेपाल प्रहरी | प्रहरी उपरिक्षक | झापा | ०२३४५५०५५ | |
| ६ | राष्ट्रिय अनुसन्धान | उप निर्देशक | झापा | ०२३४५५००२ | |
| ७ | कृषि ज्ञान केन्द्र कार्यालय | प्रमुख/ अध्यक्ष | झापा | ०२३४५५५४६ | |
| ८ | शिक्षा विकास तथा समन्वय इकाई | प्रमुख | झापा | ०२३४५५०३७ | |
| ९ | जिल्ला स्वास्थ्य कार्यालय | प्रमुख | झापा | ०२३५२००४२ | |
| १० | खानेपानी तथा सरसफाई डिभिजन | प्रमुख | झापा | ०२३५६०६६ | |
| ११ | नेपाल टेलिकम,भद्रपुर | प्रमुख | झापा | ०२३५२१४४४ | |
| १२ | नेपाल रेडक्रस सोसाइटी | सभापति | झापा | ०२३५२०१०२ | |
| १३ | पत्रकार महासंघ | अध्यक्ष | झापा | ०२३५४०२०६ | |
| १४ | प्रिन्ट तथा ईलेक्ट्रोनिक मिडियासम्बन्धी संस्थाहरु | स्थानीय एफ.एम तथा पत्रपत्रिकाहरु सबै | झापा | | |
| १५ | मेचीनगर नगरपालिका | प्रमुख | नपा | ९८४२६७२२९३ | |
| १६ | बुद्धशान्ति गाउँपालिका | अध्यक्ष | गापा | ९८५२६७७७५५ | |
| १७ | भद्रपुर नगर पालिका | प्रमुख | नपा | ९८४२६७९९९९ | |
| १८ | अर्जनधार नगरपालिका | प्रमुख | नपा | ९८५२६७२३११ | |
| १९ | विर्तामोड नगरपालिका | प्रमुख | नपा | ९८४२६७२०४६ | |
| २० | हल्दिबारी गाउँपालिका | अध्यक्ष | गापा | ९८०६०५११८८ | |
| २१ | केचनकवल गाउँपालिका | अध्यक्ष | गापा | ९८१५९१५६८० | |
| २२ | कनकाई नगरपालिका | प्रमुख | नपा | ९८५२६७२६३८ | |
| २३ | बाह्रदशि गाउँपालिका | अध्यक्ष | गापा | ९८०६०१८४९४ | |
| २४ | झापा गाउँपालिका | अध्यक्ष | गापा | ९८०६०७५६१६ | |
| २५ | शिवसताक्षी नगरपालिका | प्रमुख | नपा | ९८१४०७६०८१ | |
| २६ | गौरीगंज गाउँपालिका | अध्यक्ष | गापा | ९८५२६७६६९६ | |
| २७ | कमल गाउँपालिका | अध्यक्ष | गापा | ९८४२६३००६८ | |
| २८ | दमक नगर पालिका | प्रमुख | नपा | ९८४४६७७६६६ | |
| २९ | गौरादह नगरपालिका | प्रमुख | नपा | ९८४२०३८९९५ | |
| ३० | लुथरन विश्व फेडेरेशन | क्षेत्रीय कार्यक्रम संयोजक | झापा | ९८४१२५७१६२<br>०२३५८४०१६ | |

**बाढी पछिको सम्भावित परिदृश्य**

- सूचना प्रसारण प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- सडक, पुल, विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवागमन अवरुद्ध भएर प्रभावित क्षेत्रमा पहुँचको कठिनाई हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बालबालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने,
- ठूलो सङ्ख्यामा मानिस विस्थापित हुने,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने ।

**क्षेत्रगत उद्देश्य**

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य निम्नअनुसार हुनेछन् :

- विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multy Cluster Initial Rapid Assessement-MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मीरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

## आपत्कालीन कार्ययोजना

बिपद् आएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा समन्वय तथा सूचना क्षेत्रले निम्नअनुसार कार्य गर्नु पर्ने व्यवस्था गरिएको छ :

| **विपद्को घटना पश्यातको अवधि** | विपद्को अवस्थामा गरीने आपत्कालीन कार्य ( विपद्को प्रकृतिमा आधारीत ) | आपतकालीन अवस्था संबोधन गर्न गरीने पुर्वतयारी कार्य | पुर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवारी | प्रत्येक पुर्वतयारी का लागी अनुमानी त लागत |
|---|---|---|---|---|---|
| ० - ७ दिन सम्म | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने<br>• जानकारी तथा सूचना सङ्कलन गरी परिस्थितिको विश्लेषण गर्ने<br>• सबै क्षेत्र र तिनका सदस्यलाई सक्रिय पार्ने,<br>• परिस्थितिअनुसार कार्यविभाजन समीक्षा गर्ने | सबै गापा र नपा प्रमुखको सहभागितामा पूर्वतयारी बैठक र कार्यशालाको आयोजना :<br>• सम्भावित प्रकोप पर्नु अघि पूर्वतयारी बैठक गर्ने<br>क्षेत्रगत कार्ययोजनाको समीक्षा र पुनरावलोकन गर्ने<br>• जिल्लास्थित सरोकारवालाबीच समन्वय गरी कार्यशाला गर्ने सङ्कटासन्नता तथा स्रोतको पुनरावलोकन गर्ने<br>• सङ्कटासन्न गापा, नपा र जिल्लास्तरमा गठन भएका पूर्वसूचना तथा पूर्वचेतावनी प्रणाली संरचना र कार्यदलहरुलाई तयारी अवस्थामा राख्ने<br>• साझेदार तथा सहयोगी निकायको सूची तयार गर्ने | | क्षेत्र प्रमुख | |
| | • नेपाल रेडक्रस सोसाइटीको प्रारम्भिक द्रुत लेखाजोखा सम्बन्धी (Rapid assessment tool) को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने<br>• एक भन्दा वढी क्षेत्रमा सहयोग गर्नु पर्ने भए विषय-क्षेत्रगत विस्तृत लेखाजोखा (Cluster Specific Detailed Assessment - CSDA) | • Assessment का लागी जनशक्ति तयार गर्ने<br>• Assessment तालिम संचालन गर्ने<br>• Assessment Team formation गर्ने<br>• Rapid Assessment Tool फारम छपाइ तयारी अवस्थामा राख्ने<br>• लाभान्वीत परिचय पत्र छपाई तयारी अवस्थामा राख्ने | | क्षेत्र प्रमुख<br>(निमित्त प्रमुख) | |
| | **बहुक्षेत्रगत प्रारम्भीक द्रुत लेखाजोखा सञ्चालन गर्ने**<br>• आवश्यकता भएमा DDMC को निर्णय द्वारा मीरा (MIRA) कार्यदल परिचालन गरी बाढीबाट भएको क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने, | • सबै क्षेत्रका एक-एक सदस्य रहेको मीरा कार्यदल गठन गर्ने<br>• मीरा सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने<br>• मीराको लागि फाराम र निर्देशिका तयार गरी एक-एक हजार प्रति तयार गर्ने<br>• मीराको कार्यान्वयनको लागि सम्पर्क व्यक्ति तोक्ने | | क्षेत्र प्रमुख | |

| | | | | | |
|---|---|---|---|---|---|
| | • मीरा (MIRA) का लागि सबै क्षेत्रका अगुवा संस्थालाई फाराम उपलब्ध गराउने | | | | |
| | प्रारम्भिक जानकारी तथा तयार प्रतिवेदनका आधारमा आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया पूरा गर्ने :<br>क. तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता निर्धारण,<br>ख. प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित क्षेत्रहरू (Clusters) लाई सल्लाह र सुझाव दिने ।<br>ग. बाढी आउनासाथ उपकरणसहित खोज तथा उद्धार कार्यदल परिचालन गराउने<br>घ. सुरक्षा क्षेत्रसँग समन्वय गरी शान्ती सुरक्षा को व्यवस्था गर्ने | • खोज तथा उद्धार का लागी गा.पा र नपा स्तरमा टोली निर्माण गर्ने<br>• स्थानिय स्तरका टोलीहरु लाई तालिमको व्यवस्था गर्ने<br>• खोज तथा उद्धारका लागी आवस्यक सामाग्री को व्यवस्था गर्ने<br>• NFRI set को गा.पा र नपा मा व्यवस्थ ागर्ने<br>• Ready to eat food (तयारी खाना)को व्यवस्थागर्ने<br>• जिल्ला प्रतिकार्य केन्द्र ( DEOC) को क्षमता वृद्धि गर्ने | | क्षेत्र प्रमुख | |
| | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना को समीक्षा गर्ने | Cluster हरुले आफ्नो cluster meeting बाट श्रोतको आकलन गरी तथ्या□ अध्यावधिक गर्ने | | जि.वि.व्य.स | |
| पहिलो दिन | खाद्य, कृषि तथा पशुसेवा क्षेत्रको समन्वय बैठक आयोजना गर्ने<br>● जानकारीको सङ्कलन र परिस्थितिको विश्लेषण अद्यावधिक गर्ने<br>● सबै साझेदारहरु लाई सकृय पार्ने र सबै सदस्यलाई कार्य जिम्मेवारी सुम्पने<br>● नियमित बैठकको समय तोक्ने<br>● तयारी खानेकुरा वितरणको लागि योजना तयार पार्ने | आपतकालीन योजना अद्यावधिक गर्ने | विपद्को अवस्थामा समन्वय गर्न कठिनाई हुने | गापा र नपाहरु | |
| | सम्बन्धित सेवा केन्द्रबाट क्षतिबारे जानकारी लिने | सेवा केन्द्रहरुको सम्पर्क विवरण अद्यावधिक गर्ने | सडक तथा सूचनाको स्रोतहरुमा विपद्हरुबाट प्रभावित भई सूचना संकलनमा कठिनाई हुने | गापा र नपाहरु | |
| | विस्थापितहरुको लागि पहिलो ७ दिनसम्मको लागि खाना वितरण गर्ने | आवश्यक तयारी खाद्य सामग्रीको पूर्व भण्डारण खाद्य सामाग्री बिक्रीकर्ताको नक्साङ्कन | उपयुक्त गोदाम नहुनु आर्थिक स्रोतको अभाव | गापा र नपाहरु नेरेसो, | |
| दोश्रो दिन | स्थानिय स्रोत र साधनको समीक्षा गर्ने | प्रत्यक क्षेत्र तथा साझेदारसँग उपलब्ध स्थानीय | भण्डारण सामग्रीहरु विपद्बाट क्षति हुनसक्ने जसले गर्दा | गापा र नपाहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्रोत र साधनको नक्साङ्कन | स्थानीय स्रोतमा मात्र भर पर्न संभव नहुने | | |
| | अन्य आवश्यक सहयोगको लागि जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा माथिल्लो निकायमा लेखी पठाउने | | | गापा र नपाहरु जिविव्यस | |
| पहिलो हप्ता | आवश्यक पर्ने खाद्य सामग्रीको व्यवस्था र भण्डारण गर्ने | गोदाम तथा वितरण केन्द्रहरुको नक्शाङ्कन | | गापा र नपाहरु जिकृ झाके, उद्योग वाणिज्यसंघ, नेपालखाद्य संस्थान, | |
| पहिलो महिना | मापदण्डमा उल्लेख भए अनुसार खाद्य सामग्री वितरण गर्ने (चामल, दाल, तेल, नुन, मसला) | पीडित पहिचान गर्ने ,ढुवानी तथा वितरण व्यवस्था मिलाउने | आवश्यक आर्थिक श्रोतको कमी हुने | | |
| | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, वृद्धवृद्धा, गर्भवती, र सुत्केरी महिलालाई पौष्टिक आहार वितरण गर्ने | आवश्यक सामाग्री जुटाउने र वास र सुरक्षा क्षेत्रसँग समन्वय गर्ने | समन्वयमा प्रभाव पर्नसक्ने | गापा र नपाहरु | |
| दोश्रो महिना | सर्वेक्षणको आधारमा कामको लागि खाद्यान्न उत्पादन सुरु गर्ने | राष्ट्रिय तथा अन्तराष्ट्रिय स्रोतका लागी अपिल गर्ने र समन्वय गर्ने | समन्वयमा प्रभाव पर्नसक्ने | | |
| तेश्रो महिना | सर्वेक्षणको आधारमा कामको लागि खाद्यान्न उत्पादन सुरु गर्ने | बहुविषयगत क्षेत्रको माध्यममा काम गर्ने | राजनीतिक तथा अन्य कारणले प्रतिकार्यमा प्रभाव पर्नसक्ने | | |

## ३.५ पूर्वतयारी कार्ययोजना

खाद्य क्षेत्रले विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि निम्नअनुसार पूर्वतयारी गर्नेछ :

| क्र.सं. | पूर्वतयारी गतिविधि | जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | व्यवस्थापन तथा समन्वयसम्बन्धी बैठकको आयोजना गर्ने र गत वर्षको कार्ययोजनाको पुनरावलोकन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| २ | खाद्यान्न वितरण कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | |
| ३ | बहुक्षेत्र द्रूत लेखाजोखाको लागि व्यक्ति तोक्ने र तालिममा सहभागी गराउने | क्षेत्र प्रमुख | गापा नपा,क्षेत्रका सदस्य, | |
| ४ | तयारी खाद्यान्नको भण्डारण तथा विपद् पुर्वतयारी तथा प्रतिकार्ययोजना आपूर्तिको व्यवस्था मिलाउने<br>१००० परिवारका लागि १० दिनसम्म आवश्यक पर्ने खाद्यान्न | खाद्य क्षेत्र | क्षेत्रगत सदस्य, नेरेसो, जिविव्यस | |
| ५ | तयारी खाद्यान्नको बजार उपलब्धता पहिचान गर्ने | तोकिएको सदस्य | उद्योग वाणिज्य संघ, जिकृज्ञाके, जिविव्यस | |
| ६ | खाद्यान्नको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि गुणस्तर तथा नापतौल विभागसँग समन्वय गरी परीक्षण गर्ने | क्षेत्र प्रमुख | गुणस्तर नियन्त्रण कार्यालय, नेरेसो | |
| ७ | स्वास्थ्य तथा पोषण क्षेत्रसँग समन्वय गरी ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्नको आवश्यक परिणाम मौज्दात राख्ने | क्षेत्र प्रमुख | स्वास्थ्य तथा पोषण क्षेत्र, विश्व खाद्य कार्यक्रम, जिविव्यस | |
| ८ | खाद्यान्न कार्यक्रममा जनचेतना अभिवृद्धिका लागि प्रचारमूलक तथा ज्ञानबर्द्धक सामग्रीको बन्दोवस्त गर्ने | क्षेत्र प्रमुख<br>तोकिएको सदस्य | जिकृज्ञके, नेरेसो, गैससं, रेडियो एफ.एम. संचालक | |
| ९ | तयारी खाद्यान्नका सहयोगी संस्थाहरू | क्षेत्र प्रमुख | उद्योग वाणिज्य संघ, | |

| | | | | |
|---|---|---|---|---|
| १० | कृषि क्षेत्र र कार्यक्षेत्रको सुरक्षाका लागि सुरक्षा निकायसँग समन्वय गर्ने | गाप र नपाहरु | | |
| ११ | खाद्य सुरक्षाका लागि वीउ बिजन, मलखाद, विषदी तथा अन्य सामाग्री | गापा र नपा<br>जि.कृ.ज्ञ.के | जि.स.स., उद्योग बाणिज्य संघ, जि.पशु.से.का. | |
| १२ | चौपाया पशुको लागि गोठ, खोर, टहरा निर्माण | क्षेत्र प्रमुख | जि.प.से.का, जि.स.स, गैससं | |
| १३ | प्राविधिक सेवाका लागि प्राविधिक परिचालन गर्ने | क्षेत्र प्रमुख | जि.कृ.ज्ञा.के, जि.प.से.का | |
| १४ | पशुपक्षि आहारको व्यवस्था | क्षेत्र प्रमुख | जि.प.से.का,उद्योगवाणिज्यसंघ, | |
| १५ | आहार भण्डारणको व्यवस्था | क्षेत्र प्रमुख | जि.प.से.का, उद्योगवाणिज्यसंघ, | |
| १६ | पशुपक्षिको औषधि एवं भ्याक्सिनको व्यवस्था | क्षेत्र प्रमुख | जि.प.से.का | |
| १८ | सिञ्चाईको व्यवस्था (मर्मतसम्भार) | क्षेत्र प्रमुख | जि.स.स, जि.कृ.ज्ञा.के, | |
| १९ | अनुगमन | क्षेत्र प्रमुख र तोकिएको सदस्य | गाप र नपा,<br>पीडितका प्रतिनिधि, | |
| १० | प्रतिवेदन तयारीका लागि सदस्य तोक्ने | खाद्य क्षेत्र | क्षेत्रका सदस्य | |

## निकायगत बन्दोबस्तीको सामाग्रीको विवरण ( राहत सामाग्रीको पुर्व भण्डारण)

| क्र.सं. | संस्थाको नाम | मुख्य विषयगत क्षेत्र | कार्यालयको ठेगाना | भण्डारण भएको बन्दोबस्ती सामाग्री | आकस्मीक कोष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गापा र नपाहरु | खाद्य, कृषि तथा पशुसेवा | झापा जिल्लाको सबै | | | कार्यालय तथा सेवा केन्द्र समेतका जनशक्ति परचिालन गर्ने तथा आवश्यक सहयोगको लागि केन्द्रमा पत्राचार गर्ने |
| २ | जिल्ला पशु सेवा कार्यालय | खाद्य, कृषि तथा पशुसेवा | भद्रपुर, झापा | आवश्यकता अनुसार Vaccine तथा औषधीहरु | | कार्यालय तथा सेवा केन्द्र समेतका जनशक्ति परचिालन गर्ने तथा आवश्यक सहयोगको लागि केन्द्रमा पत्राचार गर्ने |
| ३ | नेपाल खाद्य संस्थान | खाद्य, कृषि तथा पशुसेवा | बिर्तामोड, झापा | पर्याप्त खाद्यान्न Stock रहको र आवश्यकता अनुसार जिविव्यस मार्फत स्रोत परिचालन गर्ने | | |
| ४ | उद्योग वाणिज्य संघ | खाद्य, कृषि तथा पशुसेवा | भद्रपुर, झापा | वपिदको समयमा तत्काल साना तथा ठूला व्यवसायीहरुबाट आवश्यकता अनुसार तयारी खानेकुरा उपलब्ध हुने | | अन्य प्राइभेट सेक्टरबाट पनि सहयोगको लागि आव्हान गरिने |
| ५ | सहारा नेपाल | खाद्य, कृषि तथा पशुसेवा | चारपाने, झापा | | | |

**कृषि तर्फको Response plan**

आसन्न वर्षा, बाढी तथा विभिन्न किसिमका विपदमा परी प्रभावित हुनसक्ने तथा भएका समुदायलाई प्रभावकारी ढंगले समयमानै खाद्यान्नको उपलब्धता तथा खाद्यान्न पहुँच सुनिश्चित गरी जीवन बचाउन र छोटो समयमानै सामान्य जीवनमा ल्याउन यस Response Plan ले सहयोग पुग्नेछ । बाढी तथा अन्य विपदबाट कृषि क्षेत्र तर्फ हुन सक्ने विपदहरु :

१) बाढी तथा वर्षाबाट कृषक परिवार नै विस्थापित हुने ।
२) लगाईएका बीउ तथा बाली नष्ट हुने ।
३) घरमा सिंचित अन्नपात नष्ट हुने ।
४) सिंचाई कुलो क्षती भई वाधा अवरोध हुनु ।

उपरोक्त बाढी तथा वर्षाबाट हुन सक्ने विपद व्यवस्थापनको लागि तपसिलका स्थानहरुमा निम्न कर्मचारीहरु परिचालित भई समन्वयतात्मक ढंगबाट तत्काल उद्धार कार्य गर्नेछन् ।

| सि.नं | सेवा केन्द्र रहेको स्थान | गा.पा/न.पा. | जिम्मेवार कर्मचारीको नाम | मोवाइल नं |
|---|---|---|---|---|
| १<br>१.१ | कृषि सेवा केन्द्र, चारआली<br>कृषि सम्पर्क केन्द्र, बिर्तामोड | मेचीनगर न.पा<br>बुद्धशान्ति गापा<br>अर्जुनधारा नपा<br>बिर्तामोड न.पा. | सेवा केन्द्र प्रमुख, कृ.प्र.अ., श्री शिव शंकर कुशियत | ९८४२६५२८२५ |
| २ | कृषि सेवा केन्द्र, पृथ्वीनगर | भद्रपुर नपा<br>कचनकवल गापा | सेवा केन्द्र प्रमुख, प्रा.स., श्री कामेश्वर साह | ९८०५९०९१५७ |
| ३<br>३.१ | कृषि सेवा केन्द्र, चकचकी<br>कृषि सम्पर्क केन्द्र, सुरुङ्गा | बाह्रदशी गापा<br>कन्काई न.पा.<br>झापा गापा | सेवा केन्द्र प्रमुख, प्रा.स. श्री विमलेश पाण्डे<br>सम्पर्क केन्द्र प्रमुख, ना.प्रा.स., श्री धर्मराज कटुवाल | ९८४४०५६३९९<br>९८४२४३९७०८ |
| ४<br>४.१<br>४.२ | कृषि सेवा केन्द्र, गौरादह<br>कृषि सम्पर्क केन्द्र, दमक<br>कृषि सम्पर्क केन्द्र, गौरीगञ्ज | दमक न.पा<br>कमल गापा<br>गौरीगञ्ज गापा<br>गौरादह नपा<br>शिवसताक्षी न.पा | सेवा केन्द्र प्रमुख, प्रा.स. श्री जय प्रसाद उप्रेती<br>सम्पर्ककेन्द्र प्रमुख,ना.प्रा.स., श्री केदार कुमारी अधिकारी<br>सम्पर्क केन्द्र प्रमुख, प्रा.स., श्री चन्द्रमणि काफ्ले | ९८४२६२१८६६<br>९८०४९४२८८२<br>९८४२६३८६९६ |
| ५ | जिल्ला कृषि ज्ञान केन्द्र, भद्रपुर | भद्रपुर न.पा<br>हल्दीबारी गापा<br>मेनपा ज्यामिरगडी<br>विर्तामोडनपा गरामनी | Focal person, यो.अ., श्री शितल भट्टराई<br>सहायक Focal person, प्रास., श्री फणिन्द्र भट्टराई | ९८४१५२४२७१<br>९८४२४८१९७० |

**पशु सेवा तर्फको Response Plan :**

बाढी तथा वर्षाबाट हुन सक्ने विपद व्यवस्थापनको लागि तपसिलका स्थानहरुमा निम्न कर्मचारीहरु परिचालित भई समन्वयतात्मक ढंगबाट तत्काल उद्धार कार्य गर्नेछन् ।

## जिल्ला पशु सेवा कार्यालय, झापा अन्तर्गतका पशु सेवा केन्द्रहरु तथा सम्पर्क व्यक्तिहरुको विवरण

| सि.नं. | पशु सेवा केन्द्रको विवरण | सम्पर्क व्यक्तिको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला पशु सेवा कार्यलय,भद्रपुर | श्री ईन्द्र देव शाह | प.चि. | ९८४२४९८६०६ | |
| २ | पशु सेवा केन्द्र काकरभिट्टा (क) | श्री दिवा कान्त चौधरी | प.वि.अ. | ९८४२६२८२५१ | |
| ३ | पशु सेवा केन्द्र वुधवारे (क) | श्री चन्द्र प्रसाद चौधरी | प.चि. | ९८०६५६३२६१ | |
| ४ | पशु सेवा केन्द्र शनिश्चरे (क) | श्री पदम राई | प.वि.अ. | ९८५२६८१०४४ | |
| ५ | पशु सेवा केन्द्र शुरुङ्गा (क) | श्री भरत कुमार श्रेष्ठ | प.वि.अ. | ९८५२६७१६२६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | पशु सेवा केन्द्र दमक (क) | श्री गणेश कुमार प्रधान | प.चि. | ९८४२०२३३२३ | |
| ७ | पशु सेवा केन्द्र गौरादह (क) | श्री गणेश प्रसाद ओभा | प.चि. | ९८४२३४०४४४ | |
| ८ | पशु सेवा केन्द्र गौरीगंज (ख) | श्री संतोष भण्डारी | ना.प.से.प्रा. | ९८४५६३४९११ | |
| ९ | पशु सेवा केन्द्र तोपगाछी (ख) | श्री वद्री भट्टराई | प.स्वा.प्रा. | ९८५२६७६४१२ | |
| १० | पशु सेवा केन्द्र दुधे (ख) | श्री राम औतार यादव | प.स्वा.प्रा. | ९८०६०६२०१८ | |
| ११ | पशु सेवा केन्द्र पांचगाछी (ख) | श्री वलि राम साह | प.स्वा.प्रा. | ९८४४०२९८३ | |
| १२ | पशु सेवा केन्द्र चकचकी (ख) | श्री देव कुमार यादव | प.स्वा.प्रा | ९८०७९५०५३५ | |
| १३ | पशु सेवा केन्द्र कुमरखोद (ख) | श्री जगत ना. मंण्डल | प.स्वा.प्रा. | ९८४२६१८२७६ | |
| १४ | पशु सेवा केन्द्र घैलाडुवा (ख) | श्री अगम राई | प.स्वा.प्रा. | ९८५२६७१६०५ | |
| १५ | पशु सेवा केन्द्र अनारमनी (ख) | श्री सानुमाया श्रेष्ठ | प.स्वा.प्रा. | ९८४२७५१५०३ | |
| १६ | पशु सेवा केन्द्र पृथ्वीनगर (ख) | श्री मसिन्दर यादव | प.से.प्रा | ९८४२६८२५३८ | |
| १७ | पशु सेवा केन्द्र पथरिया (ख) | श्री कैलश सिंह | प.से.प्रा | ९८४२६२८७७७ | |
| १८ | पशु सेवा केन्द्र चाआली (ख) | श्री मोहन प्रसाद जोशी | प.से.प्रा | ९८४२६५७९४९ | |

**बजेट अनुमान ,**

यस क्षेत्रको लागि निम्नअनुसार बजेट अनुमान गरिएको छ :

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | समन्वय बैठक | पटक | ३ | २०००० | ६०००० |
| २ | तथ्याङ्क सङ्कलन | पटक | २ | ५००० | १०००० |
| ३ | तथ्याङ्क विश्लेषण | पटक | १ | ३००० | ३००० |
| ४ | मीरा (MIRA) तालिममा सहभागिता | जवान | ३ | ५००० | १५००० |
| ५ | मौसम अनुसार वीउ बिजन सहयोग (मिनीकीट) | | | | १००००० |
| ६ | अनुगमन, र प्रतिवेदन | | | | २५००० |
| **जम्मा** | | | | | **२१३०००** |

## ५.२ स्वास्थ्य

**<u>विपद् सम्बन्धी परिस्थिति</u> : विपद्का सम्भावित मानवीय असर (स्वास्थ्य र पोषण) :**

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखाला सम्बन्धी रोग, गम्भीर श्वास -प्रश्वास सम्बन्धी सङ्क्रमण, ज्वरो, आँखा अथवा छालाका रोग, आँखा रातो हुने रोग (conjunctivitis) जस्ता सङ्क्रामक रोगहरूमा वृद्धि
- श्वास प्रश्वास सम्बन्धि र दुषित पानीबाट सर्न सक्ने रोगहरु फैलने सक्ने ।
- स्वास्थ्य क्लिनिक, स्वास्थ्य चौकीहरू नष्ट हुनु र/अथवा पहुँच नहुनु ।
- औषधि उपचारका उपकरण तथा औषधिको हानि-नोक्सानी ।
- खाद्य सामग्रीको तीव्र अभावको कारणले गर्दा गम्भीर कुपोषण, औलो, हैजा तथा झाडा-पखाला जस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (Feeding Programme) मा अवरोध
- विपद्को कारणले बढ्दो मानसिक स्वास्थ्य समस्या ।

**<u>समष्टिगत उद्देश्य</u> :**

- जस्तोसुकै आपत्कालीन अवस्था परेतापनि मानव जीवन सुरक्षा तथा कल्याण (human survival and well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**<u>विशिष्ट उद्देश्य (स्वास्थ्य)</u> :**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने
- अरू द्रुत लेखाजोखा (rapid assessment) सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरू) को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने
- रोग फैलन गएका खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (referral mechanism) को विकास गर्न जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग पुऱ्याउने
- प्रर्याप्त आपत्कालीन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

**<u>विशिष्ट उद्देश्य (पोषण)</u> :**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने
- गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला स्वास्थ्य प्रमुखलाई मद्दत गर्ने
- भिटामिन ए को वितरण/जुका मार्ने औषधि तथा प्रभावित केटाकेटीहरूका लागि खोपसम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्लास्वास्थ्यकार्यालयलाईसहयोगगने

## मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड :

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health surveillance) शुरु हुन्छ
- समुदायको तहमा रोग तथा चोट-पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिमारीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (Referral centres) मा पठाई आपत्कालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ । ।
- सिफारिश गरी पठाइने अन्य केन्द्रहरू (Referral centres) मा पुग्नका निमित्त बिरामीहरुका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

| **विपदको घटना पश्चातको अवधि** | **बाढीको विपदैको अवस्थामा गरिने आपतकालिन कार्य (विपदको प्रकृतिमा आधारित)** | **मुख्य जिममेवार निकाय** | **प्रतिकार्यका लागि आवश्यक श्रोत र साधान** | **हाल उपलब्ध श्रोत साधन** | **आवश्य श्रोत साधनको अभाव** |
|---|---|---|---|---|---|
| पहिलो दिन | जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि जि वि व्य समितिको समन्वय बैठकमा भाग लिने | DDMC, जिल्ला स्वास्थ्य कार्यालय | | | |
| पहिलो बैठक बिपद् भएको २ घण्टा भित्र, पहिलो सात दिनसम्म एक दिन बिराएर, दोस्रो हप्तापछि हप्तामा एक पटक | जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य प्रकोप शुरू भएपछि स्वास्थ्य क्षेत्र(Cluster)का सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य क्षेत्रका सबै सदस्यहरु | टेलिफोन ,बैठक कोठा | टेलिफोन ,बैठक कोठा | |
| २४ घण्टा भित्र | प्रकोप प्रभावित क्षेत्रमा RRT (Rapid Response Team) परिचालन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | टेलिफोन,<br>मोटर साइकल,गाडी | टेलिफोन ,<br>मोटर साइकल,गाडी | |
| ४८ घण्टा भित्र | प्रकोप प्रभावित क्षेत्रमा Preventive Health Service अन्तर्गत द्रुत स्वास्थ्य व्यावस्थापन (Rapid Health Management) कार्य संचालन गर्ने :<br>खोप सेवा<br>• स्वास्थ्य शिक्षा<br>• प्रजनन स्वास्थ्य<br>• रगत नमूना सङ्कलन<br>• पानी शुद्धीकरणको शिक्षा दिने र सामाग्री वितरण | जिल्ला जनस्वास्थ्य कार्यालय<br>महिला स्वास्थ्य स्वयंमसेविका र सबै स्वास्थ्य कर्मीहरु ,खानेपानी तथा सरसफाई क्षेत्रका सदस्यहरु | स्वास्थ्यकर्मी,भ्याक्सिन, स्वास्थ्य शिक्षा सामाग्रीहरु,रगत नमूना संकलनका किटहरु, स्लाइडहरु | स्वास्थ्यकर्मी,भ्याक्सिन, स्वास्थ्य शिक्षा सामाग्रीहरु, रगत नमूना संकलनका किटहरु, स्लाइडहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बिभिन्न रोगहरु नियन्त्रणका लागि कार्यक्रम संचालन गर्ने:जस्तै ARI/CDD | | | | |
| ३ देखि ७ दिनसम्म | **बहुक्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा** (MIRA)<br>• अन्य क्षेत्रसँग मिलि प्रारम्भिकद्रुत लेखाजोखा संचालन गर्ने<br>• द्रुत लेखाजोखाको सूचनालाई वर्ष र लिङ्गको आधारमा विश्लेषण गर्ने<br>• सूचनालाई verify गर्ने<br>प्रतिवेदन तयार गर्ने, वितरण गर्ने | स्वास्थ्य क्षेत्रका सदस्यहरु, | MIRA फारामहरु, स्वास्थ्यकर्मी | MIRA फारामहरु , स्वास्थ्यकर्मी | |
| १ हप्ता भित्र | परिचालन गर्ने टिमलाई आवश्यक पर्ने औषधी तथा औजारहरु उपलब्ध गराउने | जिल्ला स्वास्थ्य कार्यालय,मेची अञ्चल अस्पताल, | ओषधी र सरसामाग्री एप्रोन, प्राथमिक उपचारका सामाग्री , | ओषधी र सरसामाग्री एप्रोन, प्राथमिक उपचारका सामाग्री , | |
| १२ घण्टा भित्र | माथिल्लो निकाय (क्षे.स्वा.नि., स्वा.से.वि., /EDCD मा रिर्पोटिङ्ग तथा सहयोगको लागि अनुरोध गर्ने | जिल्ला जनस्वास्थ्य कार्यालय | टेलिफोन, कम्प्युटर | टेलिफोन, कम्प्युटर | |
| २ दिनभित्र | स्थानीय स्तरमा स्वास्थ्य सहयोग समिति गठन र परिचालन | सम्बन्धित स्वास्थ्य संस्था | वैठक कोठा , टेलिफोन , माइनुट | वैठक कोठा , टेलिफोन , माइनुट | |
| २ दिनभित्र | स्वास्थ्य तथा पोषण क्षेत्रको बैठक बसी अंचल अस्पतालसँग समन्वय गरी प्रेषित विरामीको व्यवस्थापन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | | | |
| २ दिन भित्र | प्रभावित क्षेत्रमा अस्थायी स्वास्थ्य शिविर स्थापना र परिचालन | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य क्षेत्रका सदस्यहरु | स्वास्थ्यकर्मी, औषधी, टेन्ट,सरसामाग्रीहरु | स्वास्थ्यकर्मी, औषधी, टेन्ट, सरसामाग्रीहरु | |
| २ दिन भित्र | सुत्केरी सामग्री वितरण | RRT,जिल्ला स्वास्थ्य कार्यालय, प.हे.न., महिला स्वास्थ्य स्वयं सेविका | सुत्केरी किट, स्वास्थ्यकर्मी | सुत्केरी किट, स्वास्थ्यकर्मी | |
| आवश्यकता अनुसार | Insectiside Treated Net वितरण गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | झुल, स्वास्थ्यकर्मी | झुल, स्वास्थ्यकर्मी | |
| लगातार ३ दिन भित्र | Trend Analysis/Surveillance गर्ने | स्वास्थ्य क्षेत्रका सदस्यहरु | दैनिक प्रतिवेदन, स्वास्थ्यकर्मी, Surveillance Focal Person | दैनिक प्रतिवेदन, स्वास्थ्यकर्मी, Surveillance Focal Person | |
| ३० दिन सम्म र सो पश्चात | विरामी उपचार तथा अन्य सेवाको निरन्तरता दिने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य क्षेत्रका सदस्यहरु | स्वास्थ्यकर्मी, औषधि, उपचारका सामग्री | स्वास्थ्यकर्मी, औषधि, उपचारका सामग्री | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ दिन पछि ३० दिन सम्म निरन्तर | खाद्य क्षेत्रसँग समन्वय गरी ५ वर्ष मुनिका बालबालिका, गर्भवति तथा सुत्केरी महिलाको लागि Wet Feeding Centres को स्थापना गर्ने र कार्यान्वयनमा ल्याउने | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय गैरसरकारी संस्थाहरु | खाद्यान्न तथा तयार पार्ने सामग्रीहरु | खाद्यान्न तथा तयार पार्ने सामग्रीहरु | |
| ५ दिन भित्र, लगातार | गर्भवती, सुत्केरी र बालबालिका लागि पोषण युक्त खानाको व्यवस्था गर्न खाद्य र संरक्षण क्षेत्र लगायत अन्य गैससँग समन्वय गरि उपलब्ध गराउने | जिल्ला स्वास्थ्य कार्यालय | पोषणयुक्त खाना, स्वास्थ्यकर्मी | पोषणयुक्त खाना, स्वास्थ्यकर्मी | |
| २ दिन भित्र, लगातार | परिवार नियोजन साधनको वितरण तथा प्रयोग गर्न जनचेतना कार्यक्रम संचालन | जिल्ला स्वास्थ्य कार्यालय,स्वास्थ्य क्षेत्रका सदस्यहरु | परिवार नियोजनका साधनहरु, स्वास्थ्य शिक्षाका सामग्रीहरु, स्वास्थ्यकर्मी | परिवार नियोजनका साधनहरु, स्वास्थ्य शिक्षाका सामग्रीहरु, स्वास्थ्यकर्मी | |
| एक हप्ता भित्र | Iron चक्कि र नियमित खोपको लागि स्वास्थ्य शिविरमा लैजान सहजीकरण गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, RRT, गैरसरकारी संस्थाहरु | आइरन चक्की, खोपहरु, स्वास्थ्यकर्मी | आइरन चक्की, खोपहरु, स्वास्थ्यकर्मी | |
| एक हप्ता भित्र | पोषण स्थितिको लेखाजोखा गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य तथा पोषण क्षेत्रका सदस्यहरु | MUAC Tape, Height Measuring Box, Salter scale | MUAC Tape, Height Measuring Box, Salter scale | |
| एक देखि दुई हप्ताभित्र, लगातार | कडा/मध्यम शिघ्र कुपोषणको उचित व्यवस्थापन गर्न पोषण क्षेत्रका सदस्यहरुसँग समन्वय गरी सबैलाई र विशेष गरी लक्षित समूहलाई थप खानेकुरा वितरणको कार्यक्रम गर्ने | स्वास्थ्य तथा पोषण क्षेत्रका सदस्यहरु | स्वास्थ्यकर्मी, थप खानेकुराको सामग्रीहरु | स्वास्थ्यकर्मी | थप खानेकुराको सामग्रीहरु |
| एक देखि दुई हप्ताभित्र, लगातार | स्तनपान र पूरक खाना सम्बन्धी प्रभावकारी परामर्श सेवा प्रदान गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | तालिम प्राप्त स्वास्थ्यकर्मीहरु | स्वास्थ्यकर्मी | स्वास्थ्यकर्मीलाई तालिमको अभाव |
| दोस्रो हप्तादेखि लगातार | कडा शिघ्र कुपोषणको उचित व्यवस्थापनको लागि पोषण पुनर्स्थापना केन्द्रसँग समन्वय गरी उपचारात्मक खाना वितरण गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य तथा पोषण क्षेत्रका सबै सदस्यहरु | तालिम प्राप्त स्वास्थ्यकर्मीहरु, खाना वितरण केन्द्र, उपचारात्मक खानाको सामग्रीहरु | स्वास्थ्यकर्मी | स्वास्थ्यकर्मी लाई तालिमको अभाव, उपचारात्मक खानाको सामग्रीहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो हप्तादेखि लगातार | बालबालिका, गर्भवती र सुत्केरी महिलाहरुलाई सूक्ष्म पोषण तत्व वितरण गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य तथा पोषण क्षेत्रका सबै सदस्यहरु | स्वास्थ्यकर्मीहरु, खाना वितरण केन्द्र, सूक्ष्म पोषणको तत्वहरु | स्वास्थ्यकर्मी | सूक्ष्म पोषणको तत्वहरु |
| दोस्रो हप्तादेखि लगातार | पोषणको लागि व्यवहार परिवर्तनको लागि सूचना प्रवाह गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | संचारका माध्यमहरु | संचारका माध्यमहरु | |
| दोस्रो हप्ताबाट | अन्य क्षेत्रसँग समन्वय गरी स्वास्थ्य तथा पोषण सम्बन्धि जनचेतना कार्यक्रम सन्चालन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य क्षेत्रका सदस्यहरु | | | |
| | **अन्य क्षेत्रसँग समन्वय** | | | | |
| ५ दिन भित्र, लगातार | प्रभावित क्षेत्रका अस्थायी स्वास्थ्य शिविरमा शुद्ध खानेपानी, शौचालय, सरसफाईको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई क्षेत्रसँग समन्वय गरि उपलब्ध गराउने | जिल्ला स्वास्थ्य कार्यालय | | | |
| २ दिन भित्र, लगातार | विपद् प्रभावितको उद्धारका लागि सुरक्षा निकायसँग समन्वय गरि स्वास्थ्यकर्मीको परिचालन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय | | | |
| आवश्यकता अनुसार | संरक्षण क्षेत्रसँग समन्वय गरि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | जिल्ला स्वास्थ्य कार्यालय | | | |
| २ दिन भित्र, लगातार | बिपद प्रभावित क्षेत्रमा गर्भवती/प्रसुती सेवा संचालन | जिल्ला स्वास्थ्य कार्यालय | स्वास्थ्यकर्मी | | |
| नियमित | Monitoring/Supervision | जिल्ला स्वास्थ्य कार्यालय | | | |
| १ महिना पछि | Lesson learned workshop सन्चालन गर्ने | जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य क्षेत्रका | | | |

## ५.३ : खानेपानी तथा सरसफाइ

**विपद् सम्बन्धी परिस्थिति विपद्‌को अनुमानित अवस्था :**

- स्वच्छ खानेपानी तथा सरसफाइको असुविधा हुन सक्ने ।
- नदीको कटान, बाढी, पहिरो, भुकम्पका कारणबाट होचो स्थानमा रहेका क्षेत्रका खानेपानीको मुहानहरुमा क्षति हुने, डुवानमा पर्ने, इनार तथा कुवाहरु दुषित हुने, पुरिने ।
- व्यक्तिगत तथा सामुदायिक चर्पीहरु क्षतिग्रस्त हुन सक्ने ।
- वातावरण दुषित हुने गरी शौचालयहरु भरिने, सेफ्टीट्याङ्की फुट्ने, पानीका मुहानहरु दुषित हुने र सरसफाइका सामाग्रीहरुको अभाव रहने ।
- सुरक्षित पानीको अभाव तथा दुषित वातावरण ।
- फोहरमैलाको व्यवस्थापन कठिनाइ भई माहामारी प्रकोपको रुपमा फैलिन सक्ने सम्भावना ।

**विषयगत उद्देश्य :**

- विस्थापित भएर शिविरमा बस्ने मानिसहरुका लागि सुरक्षित खानेपानी र अस्थायी शौचालयको व्यवस्थापन गर्ने ।
- जिल्लामा कार्यरत खानेपानी तथा सरसफाइ संस्थासंग समन्वय र सहकार्य गरी जिल्लाका प्रभावित गा.पा. र नगरपालिकाहरुमा खानेपानी र सरसफाइको अवस्थालाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सोको रिर्पोटिङ जिल्ला दैवि प्रकोप तथा उद्धार समितिमा पेश गर्ने ।
- खानेपानी र सरसफाइमा आवश्यक पर्ने सामाग्रीहरुको खोज, व्यवस्थापन, भण्डारण र वितरणमा जिल्ला दैवी प्रकोप समितिको निगरानी र समन्यमा रही कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
- अस्थायी रुपमा व्यक्तिगत सरसफाइका सुविधाहरुमा पहुँच वृद्धि गर्ने ।
- विस्थापित मानिसहरु बस्ने शिविरहरुमा सरसफाइ कायम गर्न तिनको सशक्तिकरण कार्य गर्ने ।
- स्थानीय स्तरको पत्रपत्रिका, एफ.एम. रेडियोहरुमा खानेपानी तथा सरसफाइको कारणबाट लाग्ने सक्ने विभिन्न किसिमको माहामारीबाट बच्नेको लागि अपाइने उपायहरुको बारेमा जनताहरुलाई जानकारी गराउर्ने
- विपद्‌को समयमा खानेपानी र सरसफाइको अभावबाट हुन सक्ने माहामारी रोगलाई रोकथाम र न्यूनीकरण मा सहयोग गर्ने ।
- जिल्लामा खानेपानी सेवा प्रदायक संस्थालाई विपतको समयमा स्वच्छ खानेपानी सेवा संचालनको लागि सजग र जिम्मेवार बनाउने ।
- क्षतिग्रस्त भएका खानेपानी तथा सरसफाइ सम्वन्धी आयोजना र संरचनाहरुको लगत तयार पारी सम्वन्धित निकायहरुमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस सहित पठाउने ।
- विपद् हुनु पुर्व पनि विपतमा हुन सक्ने माहामारीलाई रोकथाम गर्न गा.पा. तथा नगरपालिकाहरुमा खानेपानी तथा सरसफाइ सम्वन्धि सचेतीकरण गर्ने, स्थानीय पत्रपत्रिका, रेडियोहरुमा सन्देश प्रसारण गर्ने

**क्षेत्रगत अगुवा**

| समय अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य ( विपदेको प्रकृतिमा आधारित | आपतकालिन अवस्था संवोधन गर्न गरिने पूर्व तयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| २४ देखि ४८ घण्टा | • खानेपानी समितिको आकस्मिक बैठक बस्ने<br>• क्षतिको आकलन गर्न टोली परिचालन गर्ने | ▪ विपद् पश्चात बैठक बस्ने समय र स्थान पहिचान गर्ने र सदस्यहरुको सम्पर्क सूची व्यवस्थित गर्ने<br>▪ क्षति आकलन टोली को निर्माण गर्ने र टोलीको कार्य सूची निर्माण गर्ने । | • सीमित जनशक्तिबाट कार्यसंचालन गर्नुपर्ने<br>• थप जनशक्तिको परिचालन गर्नुपर्ने | गापा नपा खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालय रWash Cluster | २५०००।- | |
| ४८ देखि ७२ घण्टा | ▪ द्रुत सर्वेक्षणको आधारमा प्रभावितहरुको आवश्यकता पहिचान गर्ने ।<br>▪ पानी शुद्धिकरण गर्ने औषधी वितरण गर्न सकिने | पानी शुद्धिकरण गर्ने सामाग्रीहरुको व्यवस्थापन<br>जस्तै :- पियूस, एक्वाटयाव्स् वाटरगार्ड | हाइजिन किट १००० वटा | गापा रनपा खानेपानी कार्यालय, वेस झापा, युनिसेफ, गै.स.स महासंघ | १,५०,०००।- | पियुस, १५० कार्टुन २५ वटा हाइजिन किट |
| ७२ घण्टा देखि ७ दिन सम्म | • आश्रय स्थलहरुमा अस्थायी चर्पी र खानेपानीको धारा निर्माण गर्ने,<br>• खानेपानी तथा सरसफाइ सम्वन्धी सन्देशहरु स्थानीय पत्रपत्रिकाहरुमा प्रसारण गर्ने | चर्पी निर्माणका लागी आवश्यक सामाग्रीहरु गोदाममा व्यवस्थित गर्ने, सचेतना सामाग्रीहरु तयारी अवस्थामा राख्ने | सीमित जनशक्तिबाट कार्यसंचालन गर्नुपर्ने | गापा नपा ,खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालय र Wash Cluster | २,५०,०००।- | |
| ७ दिन देखि २ साता सम्म | आश्रय स्थलहरुमा चर्पी र खानेपानीको धारा निर्माण गर्ने । | खानेपानी र चर्पी निर्माणका लागी आवश्यक सामाग्रीहरु उचित स्थानमा गोदाम गर्ने । | ५० थान ट्युबवेल र १०० थान चर्पीको प्यान, पाइप | गापा नपा ,खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालय र Wash Cluster | १,२५,०००।- १,००,०००।- | |
| २ हप्ता देखि १ महिना सम्म | • वितरण गरिएको सामाग्रीहरु तथा सरसफाई को अवस्था बारे अनुगमन गर्ने, अपुग भएको सामाग्रीको उपलब्धता गर्ने र वितरण गर्ने<br>• क्षतिग्रस्त खानेपानी तथा सरसफाइ आयोजनाहरुको स्थलगत अध्ययन गरी तालुक कार्यालयमा लगत जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस सहित पेश गर्ने । | अनुगमन टोली गठन गर्ने र अनुगमन प्रक्रिया बारे प्रष्ट पार्ने<br>सामाग्रीहरु उपलब्ध गराउने निकाय एंव संगठनहरुको अग्रिम पहिचान गर्ने बाढीबाट हुनसक्ने खानेपानी अयोजनाहरुको क्षतिलाई न्यून गर्न ग्याविन स्ट्रकर्चर, हुकिङ, केबुलकसिङ, वृक्षारोपण, खानेपानी सुरक्षा समितिलाई चुस्तदुरुस्त पार्ने ।<br>खानेपानी आयोजना सम्वन्धी उपभोक्ता समितिलाई तालिमको व्यवस्था गर्ने । | Wash Cluster को नियमित बैठक गर्नुपर्ने जनशक्तिलाई तालिमको व्यवस्था गर्नुपर्ने | • गापा नपा ,खानेपानी तथा सरसफाई सव-डिभिजन कार्यालय<br>• विभिन्न खानेपानी सरसफाइ समिति<br>• खानेपानी सरसफाइ सुरक्षा योजना समिति | ३,००,०००।- | |

## थप पूर्वतयारी कार्ययोजना

| क्र.सं. | गतिविधि | जिम्मेवारी | सहयोगी | समय |
|---|---|---|---|---|
| १ | वास क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाको पहिचान गरी सदस्य निकाय वा संस्था र तिनका प्रतिनिधिको पुनरावलोकन गर्ने<br>● क्षेत्रमा रहन इच्छुक संस्थाहरूको विवरण सङ्कलन गरी सूचीकरण गर्ने ।<br>● मस्यौदा कार्यविवरण तयार गर्ने ।<br>● यस क्षेत्रमा काम गर्ने गैसस, निर्माण व्यवसायी र निर्माण सामग्री बिक्रेताबाट इच्छा पत्र माग गर्ने | क्षेत्र प्रमुख गापा र नपाहरु,<br>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जिल्ला स्वास्थ्य कार्यालय<br>रेडक्रस | जेठको दोस्रो  हप्ता |
| २ | समुदाय स्थानान्तरण भएको वा शिविरमा तथा प्रभावित गाविसमा स्वास्थ्य प्रवर्द्धनसँग सम्बन्धित संरचना निर्माण र खानेपानी सरसफाइको अवस्था अध्ययन गर्ने | गापा नपा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | | आवश्यकताअनुसार |
| ३ | विभिन्न संस्थाहरूसँग भएको सरसफाइ सामग्रीहरूको मौज्दात विवरण सङ्कलन गर्ने | गापा र नपाहरु | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय<br>महिला तथा बालबालिका कार्यालय<br>जिल्ला प्राविधिक कार्यालय | जेठ मसान्तसम्म |
| ४ | मीराको तालिममा सहभागी हुन सदस्य तोक्ने | DEOC सँगको समन्यवमा ने.रे.सो | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जिविव्यसले तोकेअनुसार |

| | | | | |
|---|---|---|---|---|
| | | | जिल्ला प्राविधिक कार्यालय | |
| ५ | पानी शुद्धीकरण र हाइजीन कीट, साबुन पानीले हात धुने सम्बन्धी सरसफाइ अभियान। घरदैलो कार्यक्रम महिला स्वास्थ्य कार्यकर्ता परिचालन गरिनेछ। | गापा नपा ,खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | महिला तथा बालबालिका कार्यालय जिल्ला जनस्वास्थ्य कार्यालय | जेठ मसान्तभित्र |
| ६ | क्षेत्रगत पुनरावलोकन बैठक आयोजना गरी सरसफाइ सम्बन्धी अनुशिक्षण सञ्चालन गर्ने | गापा नपा ,रेडक्रस | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय महिला तथा बालबालिका कार्यालय जिल्ला जनस्वास्थ्य कार्यालय | जेठ मसान्त |
| ७ | जनचेतना अभिवृद्धिका लागि विभिन्न सङ्घ संस्थासँग भएका सूचना तथा संचारका सामानहरू सङ्कलन, पुनरावलोकन र परिमार्जन गरी प्रकाशन गरी वितरण गर्ने र मौज्दात राख्ने | गापा नपा ,रेडक्रस | | रेडियोबाट जेठ २० गतेदेखि भदौसम्म |
| ८ | खानेपानी तथा सरसफाइ संरचनाहरूको (चर्पी, स्नान घर आदि) र तालिमका नमूनाहरू स्तरीकरण गरी लागत निकाल्ने र क्षेत्रको बैठकबाट अनुमोदन गराई प्राविधिकहरूलाई अभिमुखीकरण गर्ने। | गापा नपा ,खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जिल्ला प्राविधिक कार्यालय | जेठ मसान्त |
| ९ | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका वास क्षेत्रबाट तयार भएका अनुगमन सूचकहरू, फारमहरू स्थानीय स्तरमा सुहाउने बनाई सदस्यहरूबीच अभिमुखीकरण गर्ने | युनिसेफ | | वैशाख मसान्त |
| १० | खानेपानी, सरससफाइ तथा स्वास्थ्य प्रवर्द्धनसम्बन्धी तालिम प्राप्त व्यक्तिको सूची तयार गर्ने | गापा नपा ,खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जिल्ला स्वास्थ्य कार्यालय | जेठ मसान्त |

| | | | | |
|---|---|---|---|---|
| ११ | आपत्कालीन स्वास्थ्य प्रवर्द्धनसम्बन्धी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिने | जिल्ला जनस्वास्थ्य कार्यालय | | चैत मसान्तभित्र |
| १२ | जिल्ला तथा गाउँमा स्थापित नाट्य समूहहरूलाई आपत्कालीन स्वास्थ्य प्रवर्द्धनसम्बन्धी प्रशिक्षण दिने | गापा नपा , | | चैत मसान्तसम्म |
| १३ | विद्यालयमा स्थापित बालसमूहहरूबीच सरसफाइ क्रियाकलापहरू सञ्चालन गर्ने । | गापा नपा , | | चैत्र मसान्तसम्म |

## निकायगत स्रोत साधनको आंकलन ( Capacity Mapping )

| क.सं. | संस्थाको नाम | मानविय श्रोत | भौतिक सामाग्री | वित्तीय श्रोत | अन्य श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ६ जना प्राबिधिक | पाईप १००० मिटर,ट्युववेल सेट ५० थान | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | पानी परिक्षणको व्यवस्था | खानेपानी तथा ढल निकास विभाग र उप क्षेत्रीय स्टोर इटहरीमा रहेका सामाग्रीहरु मग गर्दा उपलब्ध हुने |
| २ | सिँचाई डिभिजन कार्यालय,झापा | २ जना प्राबिधिक | ट्राक्टर,लोडर | | | |
| ३ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय,विराटनगर | | बोरा तथा तारजाली | | | |
| ४ | जिल्लास्वास्थ्य कार्यालय | पानीजन्य रोग नियन्त्रणका लागि Rapid Response Team (RRT) उपलब्ध हुने | First Aid सामाग्री | | | |
| ५ | नेरेसो | जिल्लाभर स्वयंमसेबक खटाउन सक्ने | | | सचेतना जगाउने | |
| ६ | खानेपानी उपभोत्ता महासंघ | विभिन्न खानेपानी आयोजनाका प्राबिधिक परिचालन गर्न सक्ने | विभिन्न खानेपानी आयोजनाका पाईप तथा फिटिङ्स उपलब्ध हुन सक्ने | खानेपानी उपभोक्ता समितिहरु | जनचेतना जगाउने | |
| ७ | यु.नि.से.फ.(UNICEF) | | विस्थापित परिवारलाई, | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | Aquatab, पियुस,ब्लिचिङ पाउडर, बाल्टिन,जग | | | |

**५.४: संरक्षण**

**विषयगत संरक्षण क्षेत्र स्थापनाको उद्देश्यः**

- आपतकालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार,हेला तथा जोखिममा रहेका वा जोखिममा रहने संभाव्य व्यक्तिहरू बिशेषगरी महिला तथा बालबालिकाहरुलाई हिंसा र दुर्व्यबहारबाट संरक्षण गर्ने र त्यस्ता दुर्व्यबहारबाट प्रभावित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा पहुँचकालागि सहयोग गर्ने ।
- यौन दुर्व्यवहार, शोषण तथा हिंसाको रोकथाम र तिनको अनुगमन र रिपोर्टिङ्ग गर्ने ।
- जोखिममा रहेका समूहहरूका लागि मानव अधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको सरंक्षण गर्ने ।
- बालबालिका, महिला, बिशेष क्षमताका व्यक्ति र ज्येष्ठ नागरिकहरुलाई सुरक्षित आश्रय वा वातावरणको बन्तोबस्तो भए नभएको निगरानी राख्ने र सिफारिस गर्ने ।
- जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चितका लागि आपतकालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने
- बाल तथा महिला मैत्री स्थान तथा मनो-सामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
- बिछोड भएका सबै बाल-बालिका र खास गरी पाँच वर्षको उमेर भन्दा मुनिका केटाकेटी पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोग पछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।

**संरक्षण समुहले गर्ने मुख्य-मुख्य क्रियाकलापहरु**

- सरोकारवालाहरुसंग समन्वय
- हिंसा र दुर्व्यबहारबाट महिला बालबालिको संरक्षणकोलागि आबश्यक निगरानी
- मनोसामाजिक सेवा
- लेखाजोखा तथा अनुगमन
- प्रतिबेदन

**झापा जिल्लामा मुख्य बिपद्को किसिमः ( क्रमाक्रम अनुसार )**

१.बाढी
२.आगलागी
३.जंगली जनावरको आक्रमण
४.भुकम्प

**विपद्को अनुमानित अवस्थाः**

- बाढी बाट बाढी प्रभावित क्षेत्रका करीव १००० घरधुरी र ५००० जनसंख्या प्रभावित हुन सक्ने ।
- असुरक्षाको वातावरण सृजना हुने ।
- धनजनको क्षति, घाइते बाल-बालिका, विछोडिएका बाल-बालिका, एकल महिलाहरू, अनाथ बालबालिकाहरू र अपांगता भएका व्यक्तिहरुको सङ्ख्यामा वृद्धि हुने ।
- बाढी पीडितप्रति हुने हिंसा र अन्य आपराधिक गतिविधिहरू (लुटपाट, चोरी, हत्या, डकैती, अपहरण, बलात्कार) बढ्ने सम्भावना रहने ।
- गर्भवती, सुत्केरीहरू तथा अपाङ्गता भएका व्यक्तिहरु वढी प्रभावित हुने ।
- लिङ्गमा आधारित हिंसामा बृद्धि हुने, विशेषगरी बालिका र किशोरीहरु जोखिममा पर्ने ।
- शोषण, भेदभाव बढ्ने ।
- समाजमा कलह र अशान्तिको वातावरण सृजना हुने ।
- मानसिक आघात, साहारा विहिन हुनेहरुको संख्यामा बृद्दि हुने ।
- गरिबी बढ्ने ।

**विपद्को अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी कार्यका लागि अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | ▪ स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/ व्यक्तिहरुद्धारा सम्बन्धित सबै मूख्य निकायहरुमा सूचना दिने | ▪ विपद वा जोखिमको सूचना दिन सकिने व्यक्तिको नाम,थर र सम्पर्क नं.फलेक्स ब्यानर बनाई सबैको नजर पर्ने सार्बजनिक स्थलहरुमा टाँसगरी जो सुकैले सूचना दिन सक्ने व्यबस्था मिलाउने<br>▪जिल्ला स्तरका सरोकारवाला हरुलाई स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुको र स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुलाई जिल्ला स्तरका सम्पर्क व्यक्तिहरुलाई सम्पर्क गर्न सहज हुनेगरी सम्पर्क नं.हरु उपलब्ध गराउने व्यबस्था मिलाउने | स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुलाई अभिमूखीकरण र हातेपर्चा छपाइ निर्माणकोलागि श्रोतको कमी | गा पा र नपाहरु | ▪ अभिमूखीकरण कार्यक्रम रु. १७५०० ०।-<br>▪ हातेपर्चा छपाईमा रु ४००० ०।- (स्रोतको खोजी गर्नु पर्ने ) |
| १ घण्टा देखि ७ घण्टा भित्र | ▪ सुरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग<br>▪ सूचना संकलक, अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिती र कार्यारम्भ | जिल्ला विपद् व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग, स्थान ,आश्रय स्थल र योजनाको जानकारी | कार्यालयको सवारी साधन मोटर नभएको हुँदा समयमा सम्बन्धित स्थानमा पुगी सेवा दिन कठिन र अनुगमनकर्ताहरुलाई आधारभूत खर्च उपलब्ध नहुँदा खटिन कठिन | गापा, नपा र सबै कलष्टर सदस्य | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ घण्टा देखि २४ घण्टा भित्र | ▪ स्थानीय महिला सहकारी संस्थाहरु , बाल संरक्षण समितिहरु, निगरानी समूहहरु र बाल क्लबहरु परिचालनगरी सङ्कटाभिमुख समुहहरु (सुत्केरी, गर्भवती र अन्य महिला, परिवारबाट बिछोड भएका तथा अन्य बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका प्रकोप प्रभावित व्यक्ति तथा अवस्थाको पहिचानगरी सम्बन्धित सबै सम्पर्क निकायहरुमा आबश्यक सहयोगकोलागि सिफारिस गर्ने | ▪ स्थानीय स्तरमा सहयोगकोलागि परिचालन हुने सबै निकाय एवं संयन्त्रहरुमा द्रुत सर्बेक्षण फाराम तयारगरी बिपद पहिला नै उपलब्ध गराई राख्ने ।<br>▪ संभाब्य प्रभावित स्थानहरुमा स्थानीय स्तरमा पहिचान गरिएका संरक्षणको भूमिका निर्बाह गर्ने महिला संस्था, गाउँ बाल संरक्षण समितिहरु, निगरानी समूह, सरोकारवाला निकायहरुलाई तयारी अबस्थामा राख्ने<br>▪ महिला समूहहरुलाई विपद् सम्बन्धी अभिमुखिकरण गर्ने | बजेट तथा जनशक्तिको कमी<br>बालबालिका बृद्धबृद्धा र अपांगता भएका व्यक्तिहरुकोलागि<br>उपयुक्त आश्रय स्थल/<br>ब्यबस्थापनमा ध्यान जाने नगरेको<br>▪ | नेपाल रेडक्रस सोसाइटी/ गाप र नपा | ६००००। ( अभिमूखीकरण) (स्रोतको खोजी गर्नु पर्ने ) |
| २४ देखि ४८ घण्टा भित्र | ▪ मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने | ▪ स्थानीय स्तरमै बिभिन्न उपसमितिहरु निर्माणगरी पूर्ब तयारी अबस्थामा राख्ने । | यातायात तथा सञ्चार खर्चको अभाव | गाप र नपा ,सदस्य निकायहरु | १००००० ( स्रोतको खोजी गर्नु पर्ने ) |
| २४ देखि ४८ घण्टा भित्र | ▪ महिला, बालबालिका, फरक क्षमता भएका व्यक्तिहरु र जेष्ठ नागरिकहरुका बिशिष्ट र अत्याबश्यक आबश्यक्ता संबोधन भए/नभएको अनुगमनगरी आबश्यक सल्लाह, सुझाव र बितरण कार्यमा सहयोगकोलागि सम्बन्धित अन्य कलष्टरहरुसँग समन्वयगरी अत्याबश्यक बस्तु एवं सेवा उपलब्धताको ब्यबस्था मिलाउने ।(जस्तै:शिशु, सुत्केरी आमा, गर्भवती,महिनावारी हुने महिला, नियमित औषधि सेवन गर्नुपर्ने अबस्थाका जे.ना.हरुलाई आवश्यक राहत सामाग्री प्याकेजमा वितरण)<br>▪ लक्षित वर्गको सुरक्षा र संरक्षण<br>▪ मा सकेसम्म जोखिम ननिम्त्याउनेगरी ब्यबस्थापन गर्न सुझाव र समन्वयकारी भूमिकाकोलागि ब्यक्ति परिचालन गर्ने ।<br>▪ महिला र बालिका माथि हुन सक्ने संभाब्य हिंसा, दुर्ब्यबहारबाट संरक्षणकोलागि निगरानी गर्न नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने । | ▪ सरोकारवाला निकायहरु बिच कार्यक्षेत्र र जिम्मेवारी बाँडफाड<br>▪ मनोसामाजिक परामर्शकर्ताहरुको नक्शाङ्कन<br>▪ मनोसामाजिक परामर्शकर्ता उत्पादन एवंम पुर्नताजगी<br>▪ आकस्मिक सहयोगकोष स्थापना गर्ने । | ▪ यातायात,खाना,आवास आदि ब्यबस्थाको लागि श्रोतको कमी<br>▪ प्रतिस्था सामाग्री (Dignity kits) न्यानो कपडा ,बेबीकिट, सुत्केरीलाई चप्पल,हाईजिन किट, टर्च,ल्याक्टोजिन, झुल आदि<br>▪ खोप<br>▪ स्वच्छ खानेपानी<br>▪ यातायात, ढुवानी खर्च र भैपरी आउने खर्च नहुदा समयमा प्रभावित स्थानमा पुग्न कठिन | गाा र नपा.र कलष्टर सदस्यहरु<br>जिल्ला स्वास्थ्य कायलिय जिल्ला अस्पताल<br>जि.खा.पा.का./वास कलष्टर | ३००००० ( स्रोतको खोजी गर्नु पर्ने ) |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | ■ हिंसा दुर्व्यबहारबाट संरक्षणकोलागि नियमित रुपमा टोली वा व्यक्ति परिचालन गर्ने ।<br>■ मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने<br>■ हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय र आबश्यकत्ता अनुसार कानूनी सहायता प्रदान गर्ने । | बिपदको समयमा अप्रत्याशित सेवा दिनुपर्ने भएको हुँदा आबश्यक, श्रोतसाधन र जनशक्तिको तयारी गरिराख्ने । | श्रोतसाधनको कमी | ,, | करिब १५०००० (स्रोतको खोजी गर्नु पर्ने ) |
| ७२ घण्टा देखि ७ दिन भित्र | गर्भवती, सुत्केरी, बिरामी/अशक्त बृद्दबृद्धा र अपांगता भएका ब्यक्तिहरु, अनाथ, असहायहरुलाई सहायताकोलागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको व्यवस्था मिलाउने ।<br>■ अपांगता सहायक सामाग्री उपलब्ध गराउने | ■ प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलोपालोगरी खटिने स्वमंसेवकको ब्यवस्था<br>■ अनुमानित सम्भावित संख्यामा अपांगता सम्बन्धि सहायक सामाग्रीहरु खरिद वा प्राप्तगरी स्टोरगरी राख्ने | सहायक सामाग्री खरिदकोलागि रकमको अभाव<br>■ दिनभर खटिने स्वमंसेवकलाई चिया, खाजासम्मको ब्यवस्थापनि नहुनु | गाप र नपा कार्यालय | करिब २ लाख पचासहजार<br><br>करिब ५० हजार<br><br>(स्रोतको खोजी गर्नु पर्ने ) |
| ७ दिन देखि २ साता भित्र | ■ प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता<br>■ हिंसा दुर्व्यबहारबाट संरक्षणकोलागि नियमित रुपमा टोली परिचालन गर्ने । | ,, | ,, | | ३००००० (स्रोतको खोजी गर्नु पर्ने ) |
| २ साता देखि १ महिना भित्र | ■ बालमैत्री सुरक्षित स्थल निर्माण र उपयोग<br>■ कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै बिशेष प्रकृतिका मुद्दाहरुलाई जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा रिफर<br>■ अस्थाई आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>■ घरमुली गुमाएका महिलाहरुलाई जीविकोपार्जनका लागि नयाँ विकल्पहरु उपलब्ध गराउने<br>■ विपद्बाट प्रभावितहरुको अभिलेख राख्ने<br>■ नियमित बैठकहरु र समिक्षा<br>■ अनुगमन तथा प्रतिबेदन | ■ सहयोगी सरोकारवालाको पहिचान र समन्वय<br>■ सचेतनाकोलागि आवश्यक कन्टेन र सहजकर्ता र कार्यक्षेत्र निर्धारण | बिशेष आयमुलक क्रियाकलापमा स्थाई सदस्य बाहेककालाई कार्यक्रम नराखिने र प्रभाव क्षेत्र भन्दापनि आफ्नो क्षेत्रलाई प्राथमिकता दिने र समन्वयको कमी | ाप नपा.र ोकारवा सबै निकायहरु | ३००००० (स्रोतको खोजी गर्नु पर्ने ) |

## ५.५: शिक्षा क्षेत्र

**विपद् सम्बन्धी परिस्थिति : विपद्का सम्भावित मानवीय असर (शिक्षा) :**

- विद्यालय भवनहरू र शिक्षण/सिकाइका सामग्रीहरूको नष्ट ।
- शिक्षक/विद्यार्थीहरू हताहत /जनको क्षति ।
- विद्यालयहरूसम्म पहुँच नहुनु ।
- विद्यालयमा क्षति हुनाले शिक्षामा अवरोध ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा परिणत हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host schools) को पढाइमा अवरोध ।
- केटाकेटी तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रिया माथि प्रभाव पार्छ ।

**समष्टिगत उद्देश्य :**

- विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।
- सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद् बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

**विशिष्ट उद्देश्य :**

- प्राकृतिक विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
- प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान- प्रदान सुनिश्चित गर्ने ।
- आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।
- द्रुत तथा चालू (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEF's Core Commitments to Children in Emergencies for Education) तथा INEE का न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

- आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

# शिक्षा क्षेत्र विपद् व्यवस्थापन कार्यान्वयन योजना एवम् गरिने क्रियाकलापहरु

| समयावधि | विपतको अवस्थामा गरिने आपतकालीक कार्य (विपतको प्रकृतिमा आधारित) | आपतकालीन अवस्थाको संबोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टाभित्र | • मोवाइल, टेलिफोन र अन्य सञ्चार मिडियाको प्रयोग गरी क्षतिको प्रारम्भिक विवरण सर्वेक्षण । | • विपत प्रभावित हुने सम्भावित क्षेत्रमा रहेका विद्यालय, शिक्षक र अभिभावकहरुको मोवाइल एवम् टेलिफोन नं. अद्यावधिक । | • पूणरुपले अद्यावधिक भइसकेको । | • गापा र नपा ,जिल्ला शिक्षा समन्वय एकाई स्रोतकेन्द्र र रेडक्रस झापा लगायतका अन्य संघसंस्थाहरु | |
| | • थप क्षति हुन नदिन सूचना प्रवाह र विद्यालय तहमा रहेका दक्ष र तालिम प्राप्त जुनियर रेडक्रसका विद्यार्थी र यूवाहरु परिचालन | • दक्ष र तालिम प्राप्त जुनियर रेडक्रसका विद्यार्थी र यूवाहरुको विवरण र सम्पर्क नं. अद्यावधिक | • पूर्ण रुपले अद्यावधिक भइ नसकेको | • गापा र नपा ,जिल्ला शिक्षा समन्वय एकाइ, स्रोतकेन्द्र र रेडक्रस झापा | |
| २ घण्टादेखि ७ घण्टासम्म | • शिक्षा क्लष्टरको बैठक सञ्चालन गरी क्षतिको प्रारम्भिक विवरणको विश्लेषण | • शिक्षा क्लष्टरमा सहभागी संघसंस्थाहरुको विवरण अद्यावधिक | • क्लष्टरमा सहभागीहरुको विवरण अद्यावधिक भएको । | • गापा र नपा ,जिल्ला शिक्षा समन्वय एकाइ र सम्वन्धित संघसंस्थाहरु । | |
| | • विद्यालयस्तरको जनशक्ति परिचालन गरी क्षतिको विवरण संकलन र उद्धार कार्य सञ्चालन । | • विवरण संकलन गर्ने फारम र दक्ष र तालिम प्राप्त संकलक एवम् उद्धारकर्मीहरुको अद्यावधिक । | • सर्वे फारम, विवरण संकलक र उद्धारकर्मीलाई अभिमुखीकरण बाँकी । | • नेपाल रेडक्रस सोसाइटी र विद्यालयहरु | |
| | • विद्यालयहरुलाई विपतबाट प्रभावितहरुका लागि सेल्टरको रुपमा तयारी र व्यवस्थापन । | • आवश्यक पर्ने स्थान, कक्षाकोठा र टेण्टको व्यवस्थापन | • टेण्टको व्यवस्थापन गर्न बाँकी | • गापा र नपा ,जिल्ला शिक्षा समन्वय एकाइ, रेडक्रस र संघसंस्थाहरु | |
- स्थापना भएको पूर्ब सुचना प्रणाली अन्तर्गत जोखिमको अनुगमनको लागी स्थापना गरिएका बाढीमापन केन्द्र, हावापानी केन्द्र र बर्षामापन केन्द्रको सुरक्षा,व्यबस्थापन र दिगोपनाका लागी जल तथा मौसम बिज्ञान बिभाग र ईलाम जिल्ला सँग आबश्यक समन्वय गरी स्रोत परिचालन र व्यवस्थापन गर्ने ।
- जिल्ला विपद् व्यवस्थापन समिति र स्थानिय विपद् व्यवस्थापन समितिको अगुवाईमा हरेक बर्ष मनसुन सुरु हुनु भन्दा अगाडी कन्काई बेसिनका समुदाय र जिल्ला स्तरमा बाढी प्रकोपको कृतिम घटना अभ्यास सम्पन्न गर्ने ।
- सबै विषयगत क्षेत्रले आफ्नो बिकास योजनामा बनाउदा प्रकोपको जोखिमलाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरणमा मुल प्रवाहिकरण गर्ने
- बार्षिक रुपमा जिल्ला स्तरको सुचना संरचनाको निर्माण गर्ने ।

**कन्काई नदीको जलसतह र वर्षा थ्रेसहोल्ड**

| जलसतह | कनकाई नदि जल सतह ( मिटर) मैनाचुली जलमापन केन्द्र | समग्र बर्षा ( मिलीमिटर )<br>कनकाई जलाधारमा रहेको बर्षामापन केन्द्रहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | १ घण्टा | ३घण्टा | ६ घण्टा | १२ घण्टा | २४ घण्टा |
| सतर्कता सतह | ३.८ मिटर | ६० मिलीमिटर | ८० मिलीमिटर | १०० मिलीमिटर | १२० मिलीमिटर | १४० मिलीमिटर |
| खतरा सतह | ४.३ मिटर | - | - | - | - | - |

## अनुसुची ६ पूर्वानुमानमा आधारित बाढी पूर्वतयारीको लागि कार्य संचालन विधि
### कार्यसूची र कार्यविधिहरू

**कार्यविधि १ : साधारण पूर्व तयारी चरण**

**ट्रिगर संयन्त्रः** दक्षिण एशियाली जलवायु पूर्वाभास मञ्च (SASCOF)

| सूचक | पूर्वानुमान | अग्रिम समय |
|---|---|---|
| ग्रीष्मकालीन मनसुनः जुन( अक्टोबर | वर्षा ( (सामान्य भन्दा बढी, सामान्य भन्दा कम वा सामान्य) | ग्रीष्मकालीन मनसुन सिजन पहिले (महिनाक्रम अनुसार) |

**भूमिका र उत्तरदायित्व तालिका**

| समयावधि (कहिले) | साधारण तयारी गतिविधिहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| **समन्वय, सूचना तथा संचार** | | |
| **बैशाख** | • जिल्ला तथा स्थानीय स्तरका प्रत्येक क्षेत्रगत समुहहरुमा पूर्व तयारी र प्रतिकार्य गतिविधिहरुमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन सुविधा चयन गरिएको सुनिश्चित गर्ने<br>• जिल्ला तथा स्थानीय स्तरमा सूचना व्यवस्थापन संयन्त्र स्थापना गर्ने<br>• जिल्ला तथा स्थानीय सरकारले कार्य सञ्चालन विधिको स्वत सक्रियताको लागि सान्दर्भित पूर्वानुमान जानकारी (कार्य सञ्चालन विधिमा उल्लेखित ट्रिगर मेनु अनुसार पूर्वानुमान बुलेटिन) मा सहमत हुने, जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्रले यस प्रक्रियामा नेतृत्व गर्ने<br>• विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटीको समन्वयमा स्थानीय तहले समुदाय स्तरको जोखिम नक्साङ्कन गर्ने र आवश्यक सूचना संकलन गर्ने (भैसकेको भए अद्यावधिक गर्ने)<br>• आधारभूत तथ्याङ्क प्रक्रिया तथा प्रामाणिक लैंगिक संवेदनशील शीघ्र आवश्यकता लेखाजोखा गर्ने प्रणालीको विकास तथा अनुसरण गर्ने<br>• संयुक्त परिस्थिति प्रतिवेदनका लागि सहज उपलब्ध एक स्तरिय नमुना तयार गर्ने, संयुक्त परिस्थिति बैठकको लागि आधारभूत संरचना र समयावधिमा सहमत हुने<br>• जिल्ला र स्थानीयतहमा तर्जुमा भएको प्रकोप पूर्व तयारी योजनाहरु, आपत्कालिन योजनाहरु तथा सबै सम्बन्धित मार्गदर्शनहरु र एजेन्सी निर्दिष्ट कार्यविधिहरु अद्यावधिक गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |

| | | |
|---|---|---|
| जेठ | • जिल्ला तथा स्थानीय सरकार मातहतमा राहत तथा पुनर्लाभ विकल्पको रुपमा नगद वितरण संयन्त्र सहित कोष व्यवस्थापन निर्देशिका, पूर्व तयारी कोष र पूर्व कार्य रणनीति स्थापित गर्ने<br>• हरेक क्षेत्रगत सरकारी विभागहरु (क्लस्टर प्रमुखहरु) र सहायता संगठनहरूका मुख्य व्यक्तिहरुको अद्यावधिक सूची तयार गर्ने<br>• पूर्वानुमानमा आधारित बाढी पूर्व तयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरु र प्रशिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने<br>• जिल्ला र स्थानीयस्तरमा सूचना संयोजन र क्लस्टर संयोजकसँग सुचना आदानप्रदान गर्ने<br>• पूर्वसूचना प्रणाली, ट्रिगर स्तर तथा मौसम पूर्वानुमानको बारेमा समुदायलाई सचेत गराउने<br>• पूर्वसूचना प्रणालीले राम्ररी काम गरिरहेकोछ भन्ने सुनिश्चितगर्न बाढीको कृत्रिम घटना अभ्यास गर्ने | जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, (गाउँपालिका र नगरपालिकाहरू), नेपाल रेडक्रस सोसाइटी, जल तथा मौसम विज्ञान विभाग |
| असार | • जिल्ला पूर्व तयारी तथा प्रतिकार्य योजना, आकस्मिक योजना, एजेन्सी निर्दिष्ट कार्य सञ्चालन विधि र पूर्वानुमानमा आधारित लगानीको लागि कार्य सञ्चालन विधिको समीक्षा र पुनरावलोक गर्ने<br>• प्रमुख केन्द्रिय एजेन्सीहरु र सम्बन्धित विभागका कर्मचारीहरुलाई पूर्वानुमान र पूर्वानुमानमा आधारित बाढी पूर्वतयारी, पूर्वानुमानमा आधारित लगानी, कार्य सञ्चालन विधिका बारेमा मार्गदर्शन प्रदान गर्ने साथै प्रशिक्षणको प्रबन्ध गर्ने<br>• स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्व सूचना प्रणाली, सुरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने<br>• प्रारम्भिक लेखाजोखा, मूल्यांकन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने<br>• तथ्यांक संकलनका लागि आवश्यक फर्मेट तयारी गर्ने<br>• पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरूका लागि संचारको विविध च्यानलहरुको विस्तृत अभिलेख राख्ने<br>• जल तथा मौसम विज्ञान विभागको वेब इन्टरफेस र पूर्वानुमान सामग्री बारेमा एफएम तथा रेडियो पत्रकारहरुलाई अवगत गराउने | जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, (गाउँपालिका र नगरपालिकाहरू), नेपाल रेडक्रस सोसाइटी, जल तथा मौसम विज्ञान विभाग |
| **खोज तथा उद्दार** | | |
| बैशाख | • विषयगत क्षेत्र भित्रका सम्पूर्ण निकायहरुको बैठक गर्ने<br>• जिल्ला र स्थानिय स्तरमा रहेका निकायहरुको संगठनात्मक विश्लेषण/क्षमता तथा आपसी समन्वयमा रहेका कमी कमजोरीहरुको विश्लेषण गर्ने<br>• पूर्व तयारी र प्रतिकार्य गतिविधिहरूका लागि आवश्यक मानव तथा वित्तीय स्रोतहरू पहिचान गर्ने<br>• आपत्कालमा आवश्यकता लेखाजोखाका लागि प्रशिक्षित गर्न र सजिलै तैनाथ गर्न सम्भावित स्वयमसेवकहरुका नामावली तयार गने | जिल्ला प्रशासन कार्यालय, गाउँपालिका र नगरपालिकाहरू, सुरक्षा निकायहरु (नेपाल सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी |
| जेठ | • जनसंख्या, संकटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सुरक्षा स्थिति, जीविकोपार्जन, बसोबासको अवस्था, खुला खाली ठाउँहरू,यातायात र पूर्वाधार सम्बन्धी सूचना प्राप्त गर्ने<br>• स्रोत/सुविधाहरू (स्थानीय रूपमा उपलब्ध) को सूची तयार गर्ने र आवश्यकताको लेखाजोखा गर्ने<br>• आपत्कालिन अवस्थामा खोज तथा उद्दारका लागि साधन एवम् उपकरणको भण्डारण गर्न सामरिक स्थलहरु पहिचान गर्ने<br>• स्थानीय जोखिममा रहेका जनतालाई क्uचयखष्कभ च्भकअगभ :बतभचष्बी बारे जानकारी गराउने जस्तै बाँस, केराको थाम, ट्यूब आदि<br>• सुरक्षित मार्गहरु/खोज तथा उद्धार मार्गहरु, संकटासन्न समुदायमा हेलीपेड, अवतरण र ड्रप जोन पहिचान गर्ने | जिल्ला प्रशासन कार्यालय, गाउँपालिका र नगरपालिकाहरू,सुरक्षा निकायहरु (नेपाल सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी) |

| | | |
|---|---|---|
| असार | • सामरिक स्थानमा संसाधनको पूर्व व्यवस्थापन ( जिल्ला र स्थानीय तह) गर्ने<br>• लाभार्थी प्रतिक्रिया (र उजुरी) व्यवस्थापन विधि संचालन गरि व्यवस्थित गर्ने<br>• सुरक्षित मार्गहरु/खोज तथा उद्धार मार्गहरु, संकटासन्न समुदायमा हेलीपेड, अवतरण र ड्रप जोन पहिचान गर्ने<br>• सङ्कटासन्न समुदायहरू पहिचान गर्ने र गम्भीर तथा मध्यम रूपमा प्रभावित हुने सम्भावनाका आधारमा ती समुदायहरूलाई वर्गीकरण गर्ने<br>• जिल्ला र स्थानीय तहमा पूर्व तयारी तथा प्रतिकार्य टोली निर्माण गर्ने र उनीहरुलाई तालिम प्रदान गर्ने | जिल्ला प्रशासन कार्यालय, गाउँपालिका र नगरपालिकाहरू, सुरक्षा निकायहरु(नेपाल सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी), नेपाल रेडक्रस सोसाइटी |
| **अस्थायी आवास तथा गैर खाद्य** | | |
| बैशाख | • विषयगत क्षेत्रहरुको बैठक बसि पूर्व तयारी गर्ने<br>• अस्थायी आपत्कालिन आश्रयस्थल, खाद्य तथा गैरखाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, श्रोत सामाग्रीको आँकलन र नपुग सामाग्रीको जोहो गर्ने<br>• सुत्केरी तथा गर्भवती महिला एवं बालबालिकाका लागि पोषण, स्यानेटरी प्याड, न्यानो कपडा, जिन्सि वस्त्र, काइयो, पेन्टी आदि भण्डारण गर्ने<br>• महिला, बालबालिका मैत्री स्थल निर्माण गर्ने<br>• विद्यमान अस्थायी आश्रयस्थलहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, यदि आवश्यक परेमा मर्मत संभार सम्पन्न गर्ने<br>• आपत्कालिन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य बस्तुहरुको बजार सर्वेक्षण गर्ने<br>• सम्बन्धित विषयका तालिम प्राप्त जनशक्ति नपुग भएमा तालिमको व्यवस्था गर्ने | नेपाल रेडक्रस सोसाइटी, जिल्ला प्रशासन कार्यालय, जि.स.स, सुरक्षा निकायहरु, गाउँपालिका र नगरपालिकाहरू |
| जेठ | • आश्रय र भूमि निर्धारण मुद्दाहरू सम्बोधन, बहिर्गमन रणनीति साथै मिडिया संलग्नताको लागि दृष्टिकोण/रणनीति बारे छलफल गर्ने<br>• अस्थायी आश्रयस्थल तथा शिविर निर्माणको लागि आवश्यक हरेक कुराहरु तयारी अवस्थामा भएको सुनिश्चित गर्ने | जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु, गाउँपालिका,नगरपालिकाहरू |
| असार | • अस्थायी आश्रयस्थल तथा शिविर निर्माणको लागि आवश्यक हरेक कुराहरुको व्यवस्थापन गर्ने<br>• अस्थायी आवास स्थलको सुनिश्चितता गर्दै तयारी राख्ने र सुनिश्चित गर्ने<br>• गैर खाद्य सामाग्री र खाद्य सामाग्री तयार राख्ने<br>• आवश्यक जनशक्ति तयार अवस्थामा राख्ने<br>• महिला मैत्री शौचालय निर्माण गर्ने<br>• पानी, बत्ती जस्ता अति आवश्यकीय कुराहरु तयारी अवस्थामा राख्ने | नेपाल रेडक्रस सोसाइटी, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु, गाउँपालिका र नगरपालिकाहरू |
| **शिक्षा** | | |
| बैशाख | • विद्यालयहरुको जोखिमको आधारमा वर्गिकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकश्मिक योजना बनाउने | शिक्षा कार्यालय, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| जेठ, असार | • अस्थायी प्रशिक्षण केन्द्रहरु पहिचान गर्ने | |
| **स्वास्थ्य र पोषण** | | |
| बैशाख | • स्वास्थ्य सुरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने | जनस्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| जेठ, असार | • स्थानीय तहमा प्राथमिक उपचार कार्यदल सहित आवश्यक स्वमसेवकहरुको व्यवस्थापन गर्ने<br>• आवश्यक औषधिहरु तथा प्राथमिक उपचारका लागि चाहिने उपकरणहरुको जिल्ला र स्थानीय जनस्वास्थ्य कार्यलयमा भए नभएको जानकारी लिने र उचित जोहो गर्ने<br>• DRRT / LRRT गठन तथा परिचालन गर्ने | |

| | | |
|---|---|---|
| | • वजेट र आपूर्ति निश्चित गर्ने ( जिल्ला र स्थानीय) | |
| **खाद्य सुरक्षा, कृषि तथा जीविकोपार्जन** | | |
| वैशाख | • जिल्ला र स्थानीय स्तरमा खाद्यान्नको अवस्था बारे अभिमुखिकरण गर्ने<br>• आपत्कालिन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैरखाद्य बस्तुहरुको बजार सर्वेक्षण गर्ने<br>• जिविकोपार्जनका साधनहरुको (गाईपालन, बाख्रापालन, सुँगुर र कुखुरा फारमहरु, माछा पोखरी, तरकारी खेती आदि) सुरक्षाका उपायहरु बारे योजना बनाउने<br>• सुक्खा र बलौटे माटो (बाढी प्रभावित कृषि योग्य भूमि) मा हुर्काउन सकिने बालीको बीउ र बिरुवाहरुको मौज्दात पर्याप्त भएको सुनिश्चित गर्ने | कृषि ज्ञान केन्द्र कार्यालय र नेपाल खाद्य संस्थान, विश्व खाद्य कार्यक्रम, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), जिल्ला प्रशासन कार्यालय र जि.स.स, गैर सरकारी संस्थाहरु |
| जेठ | • बाढी प्रतिरोधी वैकल्पिक बाली पहिचान गर्ने<br>• बाढीले कम असर पुऱ्याउने बालीको बारेमा जन समुदायलाई अवगत गर्ने<br>• बाढी प्रतिरोधी बाली, उत्पादन क्षमता साथै प्रविधि आवश्यकताको सूची बनाउने<br>• आपत्कालिन अवस्थाको लागि चाहिने न्यूनतम खाद्यान्नको भण्डारण गर्ने (जिल्ला र स्थानीय स्तरमा) | |
| असार | • रासन र नगद, राहत सामग्रीको बन्दोबस्त सहित न्यूनतम सहायता प्याकेजमा सहमत हुने | |
| वैशाख | • बाढी सम्भावित क्षेत्रहरुमा बाढीको कारण पानी दूषित हुनबाट जोगाउन सार्वजनिक ट्यूबवेल र धाराहरुको उचाइ बढाउने<br>• उच्च स्थानहरु था सुरक्षित स्थानहरुमा शौचालय निर्माण गर्ने<br>• सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि कार्यकम<br>• पानी शुद्दिकरणको चक्की भए नभएको सुनिश्चित गर्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), गैर सरकारी संस्था |
| जेठ, असार | • खानेपानी निर्मलीकरण र दूषित हुनबाट रोकथामको बारेमा जनसमुदायलाई जागरुक बनाउने<br>• महिला सरसफाई, खानेपानी निर्मलीकरण गर्ने चक्की आदिको जिल्ला र स्थानीय तहमा जोहो र ब्यवस्थापन गर्ने (पिउस, एक्वाटयाव, ब्लिचिङ्ग पाउडर, स्यानिटरी प्याड)<br>• सामाग्री ब्यवस्थापनको लागि सबै विषयगत क्षेत्रका सदस्यहरुसगं छलफल गर्ने र सम्पर्क ब्यक्ति (focal person) तोक्ने | |
| **संरक्षण** | | |
| वैशाख, जेठ | • प्रमुख संरक्षण मुद्दाहरु तथा अति संकटासन्न समुदाय जस्तै महिला, बालबालिका, अपांग र वृद्ध ब्यक्तिहरुको पहिचान गर्ने<br>• अति संकटासन्न समुदाय जस्तै महिला, बालबालिका, अपांग र वृद्ध ब्यक्तिहरुको सुरक्षा योजना बनाउने | महिला तथा बालबालिका कार्यालय, जिल्ला तथा इलाका प्रहरी कार्यालय, गाउँपालिका र नगरपालिकाहरू |
| **पूर्वाधार, पुनर्वास, पुनर्निर्माण र पुनर्लाभ** | | |
| वैशाख | • विद्यमान तटबंधको मूल्यांकन, जिल्लाका बाँध र बाढी मार्ग/जल निकास संरचनाको जाँच गर्ने<br>• तटबन्ध निर्माणका लागि सचेतता तह बढ्दै जादाँ बाँध निर्माण गर्न प्राविधिक इञ्जिनियर समावेश गर्नु पर्ने | जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु, सडक डिभिजन |

| | | |
|---|---|---|
| जेठ, असार | • बाढी निकास र नहरहरु सबै सफा रहेका सुनिश्चित गर्ने, संबेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने<br>• संरचनात्मक उपायहरु अवलम्बन गर्ने जस्तै विद्यमान नदी नियन्त्रण संरचनाको पुनः निर्माण गर्ने, बाँध मर्मत गर्ने, तटबंध र अन्य बाढी संरक्षण संरचनाको पुनः निर्माण गर्ने | कार्यालय, नेपाल विद्युत प्राधिकरण, जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, जिल्ला सिंचाई कार्यालय, नेपाल रेडक्रस सोसाइटी |

## कार्यविधि २ : १० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्व तयारी र प्रारम्भिक कार्य

## ट्रिगर संयन्त्रः

| ट्रिगर लेभल (कहिले) | सम्पन्न गर्नु पर्ने कार्यको विवरण (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| उच्च | सम्पूर्ण पूर्व तयारी गतिविधिहरु (साधारण) कार्यविधि १ मा उल्लेखित भए अनुसार सम्पन्न भैसकेको सुनिश्चित गर्ने | कार्यविधि १ मा निर्धारण गरिए अनुसार |
| | **समन्वय, सूचना तथा संचार**<br>• जल तथा मौसम विज्ञान विभाग द्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा जिल्ला र स्थानीय तहहरुमा जानकारी दिने<br>• सन्निकट बाढीसँग सम्बन्धित सूचनाको संगठन भित्र अन्तरिक सूचना प्रवाह गर्ने<br>• सम्बन्धित क्षेत्रमा बाढी आउने सम्भावनाबारे समुदायमा आधारित प्रकोप व्यवस्थापन समिति र कार्यदललाई सचेत गराउने<br>• प्रारम्भिक लेखाजोखा, मूल्यांकन घरधुरी सर्वेक्षण विवरण फारम र सामग्रीको मुद्रण कार्य गर्ने<br>• स्थानीय तहमा सुचना सम्प्रेषण | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, जिल्ला प्रमुख सहयोगी संस्था, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **खोज तथा उद्दार**<br>• संकटासन्न क्षेत्र (नदीको तट नजिक बसोबास गरिरहेका मानिसहरु सबैभन्दा असुरक्षित हुन्) देखि बाढीको कारण विस्थापित हुनसक्ने सम्भावित जनसंख्याको पहिचान पहिचान गरी नक्साङ्कन गर्ने<br>• जिल्ला एवं स्थानीय पूर्व तयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोली आगामी दिनहरुमा पूर्वानुमान र आफ्ना सम्भावित भूमिका र जिम्मेवारीबारे सजग छन् भन्ने सुनिश्चित गर्ने<br>• अस्थायी शिविर र टेण्ट सुरक्षित स्थानमा निर्माणका लागि तयारी गर्ने<br>• खानेपानी र शौचालय व्यवस्थीत गरी राख्ने<br>• राहत तथा उद्दार सामाग्री तयारी अवस्थामा राख्ने | जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन र अस्थायी आवास तथा गैर खाद्य पदार्थ**<br>• आश्रय सामग्रीहरु, गैर खाद्य पदार्थ, खाद्यन्न, पानी र औषधि आपत्कालिन आश्रय स्थलमा भण्डारण गर्ने । यी वस्तुहरुलाई पहिले नै तयारी हालतमा राख्ने र आवश्यक परेका बेला समुदायलाई तुरुन्तै उपलब्ध गराउने ।<br>• सरकारी निकायहरु, संयुक्त राष्ट्र संघ निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु मार्फत हुने सहयोग कार्यको लागि उपलब्ध भण्डारको पुनः लेखाजोखा गर्ने<br>• राहत सेवाको अधिकतम वितरण लेखाजोखा गर्ने<br>• महत्वपूर्ण राहत प्याकेज र प्रारम्भिक प्राथमिकता सहायता पहिचान गर्ने<br>• कृषकहरूलाई धान रोप्न एक हप्ता ढिलो गर्न सूचित गर्ने<br>• कृषकहरूलाई बाली/तरकारी/फलफूल/माछा उपजमा पर्न सक्ने विपद्बारे सूचित गर्ने<br>• कृषकहरूलाई माछा पोखरी, पशुपालन, कुखुरा फारम सुरक्षा गर्न सूचित गर्ने | नेपाल रेडक्रस सोसाइटी (क्लस्टर प्रमुखहरूसँगको समन्वयमा), सुरक्षा निकायहरु, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), विपद् व्यवस्थापन समिति (जिल्ला एवं स्थानीय) |

| | | |
|---|---|---|
| उच्च | • तालिम प्राप्त जनशक्ति र सामाग्री तयारी अवस्थामा राख्ने | |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी तथा सरसफाई**<br>• स्वास्थ्य केन्द्रहरु, शिक्षाकेन्द्र र आश्रयस्थल जस्ता अस्थायी सुविधाका लागि स्थलगत योजना बनाउने<br>• पानी र औषधि आपत्कालिन भन्डारण गर्ने। यी वस्तुहरुलाई पहिले नै तयारी हालतमा राख्ने र आवश्यक परेका बेला समुदायलाई तुरुन्तै उपलब्ध गराउने | शिक्षा कार्यालय, जनस्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| | तल उल्लेखित मध्यम सम्भाव्यता स्तरको लागि निर्दिष्ट गरिएका क्रियाकलापहरु समेत गर्ने | तल निर्धारण गरिएको |
| मध्यम | सम्पूर्ण पूर्व तयारी गतिविधिहरु (साधारण) कार्यविधि १ मा उल्लेखित भए अनुसार सम्पन्न भैसकेको सुनिश्चित गर्ने | कार्यविधि १ मा निर्धारण गरिए अनुसार |
| | **सबै क्षेत्रगत निकायहरु**<br>• आकस्मिक टोली, सूचना तथा सञ्चार टोली, औषधोपचार टोली र राहत वितरण टोली गठन गर्ने । | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), स्वास्थ्य कार्यालय, विद्युत कार्यालय |
| | **सूचना तथा संचार**<br>• जल तथा मौसम विज्ञान विभाग कार्यालयद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा जिल्ला र स्थानीय निकायहरुमा जानकारी दिने<br>• सन्निकट बाढीसँग सम्बन्धित सूचनाको संगठन भित्र अन्तरिक सूचना प्रवाह गर्ने<br>• सम्बन्धित क्षेत्रमा बाढी आउने सम्भावनाबारे समुदायमा आधारित प्रकोप व्यवस्थापन समिति र कार्यदललाई सचेत गराउने<br>• प्रारम्भिक लेखाजोखा, मूल्यांकन घरधुरी सर्वेक्षण विवरण फारम र सामग्रीको मुद्रण कार्य गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, जिल्ला प्रमुख सहयोगी संस्थासँगको समन्वयमा, स्थानीय सरकार |
| | **खोज तथा उद्दार**<br>• प्रारम्भिक लेखाजोखा, मूल्यांकन, घरधुरी सर्वेक्षण विवरण फारम र सामग्रीको मुद्रण कार्य गर्ने<br>• खुला स्थानहरू पहिचान गर्ने र बाढीको स्थितिमा ती स्थानका उपयोग गर्ने योजना बनाउने<br>• सुरक्षित मार्ग, परिवहन वाहन, डुङ्गा आदिको योजना बनाई समुदायमा सचांर माध्यमबाट सम्प्रेषण गर्ने<br>• हेली प्याडको पहिचान गर्ने<br>• सुचना साझेदारीको पूर्वाभ्यास | सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटी, स्वंसेवकहरु, सडक डिभिजन कार्यालय<br>स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी तथा सरसफाई**<br>• आपत्कालिन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य किट स्थानीय तह र जनस्वास्थ्य कार्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध गर्ने<br>• सङ्कटासन्न क्षेत्रका सामरिक स्थानमा प्राथमिक उपचार किट र क्लोरिन घोल (पानी निर्मलीकरण) भण्डारको व्यवस्था गर्ने<br>• स्वास्थ्य, जनस्वास्थ्य, अस्पताल, प्राथमिक स्वास्थ्य चौकी, स्वास्थ्य चौकीहरुमा आपत्कालिन औषधि मौज्दात राख्ने<br>• अस्थाई शौचालयको व्यवस्था गर्ने | जनस्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय निकाय (गाउँपालिका र नगरपालिकाहरू) |
| मध्यम | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन र अस्थायी आवास र गैर खाद्य पदार्थ**<br>• समुदायको सहज पहुँचको लागि झटपट्ट झोला, पानी नछिर्ने कागजात थैली र त्यस्तै संचित सामाग्री सामुदायिक प्रकोप व्यवस्थापन समिति कार्यालय वा अन्य ठाउँहरूमा तयार गर्ने, गैर खाद्य वस्तुको जोहो गर्ने<br>• घरपालुवा पशु र जीविकोपार्जन सामग्रीहरूको भण्डारणका लागि सुरक्षित स्थानहरू पहिचान गर्ने ।<br>• आवश्यक परिमाणमा ड्राई फुड जस्तै चाउचाउ, बिस्कुट, दालमोठ, चिउरा आदिको व्यवस्था गर्ने ।<br>• बालबालिकाका लागि लिटो, सर्वोत्तम पिठो, ल्याक्टोजेनका साथै अति आवश्यकीय कपडाहरुको व्यवस्था गर्ने (डाइपर, प्याड, पेन्टी, न्यानो कपडा)<br>• सुरक्षित आवास र महिला मैत्री शिविर व्यवस्थापन टोली बनाउने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु, नेपाल खाद्य संस्थान, जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |

| | | |
|---|---|---|
| | **संरक्षण**<br>• नवजात शिशु, सुत्केरी, गर्भवती महिला, बालबालिका, वृद्ध र अपाङ्ग व्यक्तिहरुका लागि विशेष संरक्षणको व्यवस्था गर्ने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय विपद् व्यवस्थापन समिति, महिला तथा बालबालिका कार्यालय, सुरक्षा निकायहरु |
| न्युन | • विपद सम्भावित क्षेत्रमा आवश्यक अखाद्य तथा खाद्य सामाग्री सुरक्षित स्थानमा भण्डारण गरि राख्ने<br>• साधारण पूर्व तयारी ९कार्यविधि १० मा उल्लेखित सम्पूर्ण गतिविधिहरु पहिले नै सम्पन्न भैसकेको सुनिश्चित गर्ने | पहिले नै निर्धारण गरिएको |

कन्काई नदीको मैनाचुली जलमापन केन्द्रमा विश्व बाढी सतर्कता प्रणाली (GloFAS) को १० दिने जल प्रवाह र कन्काई जलाधार क्षेत्रमा १० दिनको समग्र वर्षाको पूर्वानुमानको उपलब्धतामा कार्यविधि २ सक्रिय हुन्छ। सम्भाव्यता स्तर (उच्च, मध्यम र न्युन) को आधारमा भूमिका तथा दायित्व तालिकामा निर्धारण गरे अनुरूप पूर्व तयारी सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिनुपर्छ।

| **पूर्वानुमान** | **उच्च सम्भाव्यता** | **मध्यम सम्भाव्यता** | **न्युन सम्भाव्यता** |
|---|---|---|---|
| विश्व बाढी सतर्कता प्रणाली (GloFAS) १० दिन जल प्रवाह | १० दिनमा खतरा तह नाघ्ने सम्भाव्यता (>७०%) | १० दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता (५०-७०%) | १० दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता (<५०%) |
| विश्व बाढी सतर्कता प्रणाली (GloFAS) १० दिने समग्र वर्षा (३०० मिलिमिटर भन्दा बढी) | वर्षा हुने सम्भाव्यता (>७०%) | वर्षा हुने सम्भाव्यता (५०-७०%) | वर्षा हुने सम्भाव्यता (<५०%) |

**भूमिका तथा उत्तरदायित्व तालिका**

## कार्यविधि ३ :  ३ दिने पूर्वानुमानका लागि बाढी पूर्वतयारी

(क) ट्रिगर संयन्त्रः

जल तथा मौसम विज्ञान विभाग र क्षेत्रीय एकीकृत बहुप्रकोप पूर्व सूचना प्रणाली (RIMES) को कन्काई जलाधारमा ३ दिने  गणितीय मौसम पूर्वानुमान, र विश्वव्यापी बाढी सचेतना प्रणाली (GloFAS) को कन्काई नदीको मैनाचुली जलमापन केन्द्रमा ३ दिने जल प्रवाहको पूर्वानुमानको उपलब्धतामा कार्यविधि **३** सक्रिय हुन्छ।

| **पूर्वानुमान** | **उच्च सम्भाव्यता** | **मध्यम सम्भाव्यता** | **निम्न सम्भाव्यता** |
|---|---|---|---|
| जल तथा मौसम विज्ञान विभाग र क्षेत्रीय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली (RIMES) को ३ दिने गणितीय मौसम पूर्वानुमान | ३ दिनमा १८० मिलिमिटर भन्दा बढी वर्षा हुने | ३ दिनमा (६०-१८०) मिलिमिटर वर्षा हुने | ३ दिनमा ६० मिलिमिटर भन्दा कम वर्षा हुने |

| | | | |
|---|---|---|---|
| विश्व बाढी सतर्कता प्रणाली (GloFAS) | ३ दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता (>७०%) | ३ दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता (५०-७०%) | ३ दिनमा खतरास्तर नाघ्ने सम्भाव्यता (<५०%) |

## (ख) भूमिका तथा उत्तरदायित्व तालिका

| ट्रिगर लेभल (कहिले) | सम्पन्न गर्नु पर्ने कार्यको विवरण (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| उच्च | कार्यविधि १ र २ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भावित स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | पहिले नै निर्धारण गरिएको |
| | **समन्वय, सूचना तथा संचार**<br>• जल तथा मौसम विज्ञान विभागले जारी गरेको मौसम पूर्वानुमानबारे जिल्ला र स्थानीय स्तरका सम्पूर्ण सरोकारवालाहरु, क्लस्टर प्रमुख तथा उपप्रमुखलाई जानकारी गराउने ।<br>• जिल्ला विपद् व्यवस्थापन समिति बैठक बोलाउने हरेक क्लस्टरका लागि समन्वय बैठक गर्ने<br>• स्थानिय विपद् व्यवस्थापन समितिको बैठक बस्ने<br>• समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक बस्ने<br>• स्थानीय तहमा कार्यरत कर्मचारी, विषयगत समुहका सदस्य, सबैलाई बिदामा नबस्न निर्देशन गर्ने<br>• निर्माण व्यवसायी, मेडिकल तथा प्रहरी प्रशासनसँग आवश्यक समन्वय गर्ने<br>• भएगरेका निर्णयहरुको अनुगमन गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **खोज तथा उद्दार**<br>• जिल्ला एवं स्थानीय स्तरमा खोज तथा उद्दार प्रतिकार्य प्रणाली स्थापना, कायम र प्रबन्ध गर्ने<br>• कमान्ड पोस्टको विकास गर्ने, असुरक्षित परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने<br>• सङ्टासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने<br>• जिल्ला विपद् प्रतिकार्य टोलीको परिचालन, सम्भावित बाढीको खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु |
| उच्च | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन र अस्थायी आवास र गैर खाद्य पदार्थ**<br>• आवश्यक देखिएको खण्डमा अस्थायी शिविर र टेण्ट सुरक्षित स्थानमा तयारी अवस्थामा राख्ने<br>• बाढी पीडित आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त ड्राई फुड स्थान्तरित गर्ने (मानवीय र पशुपंक्षी हरुको लागी समेत)<br>• खाद्य पदार्थको अभाव हुन नदिन खाद्य सामाग्री बेचबिखन गर्ने संस्था, उद्योग वाणिज्य संघलाई सजग गर्ने<br>• राहत सामाग्रीहरु संभावित विपद क्षेत्रमा नै पुर्‍याई सुरक्षित स्थानमा भण्डारण गरिराख्ने<br>• जनशक्तिलाई तयारी अवस्थामा राख्ने<br>• अन्तर विषयगत समूहको समन्वय बैठक गर्ने | कृषि विकास कार्यालय, नेपाल खाद्य संस्थान, नेपाल उद्योग वाणिज्य महासङ्घ, , स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु,नेपाल रेडक्रस सोसाइटी |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी तथा सरसफाई**<br>• सङ्टासन्न समुदायलाई प्राथमिक उपचार किट, मभलकष्तथ किट र पानी निर्मलीकरण घोल वितरण गर्ने | जनस्वास्थ्य कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, खानेपानी तथा |

| | | |
|---|---|---|
| | • घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने<br>• किटजन्य रोगबाट बाच्नको झुल वितरण कार्यक्रम<br>• पानी प्रदुषण जाचँ सम्बन्धमा फिल्ड टेष्ट किट सहित तालिम प्राप्त प्राविधिकहरुको परिचालन<br>• बढीको उच्च जोखिम बारे स्वास्थ्य कर्मी च्च्त र ञ्(च्च्त लाई जानकारी गराई वृद्ध, बालबालिका, गर्भवती र सुत्केरी आमा आदिको लागी सुरक्षित वासस्थान तथा खानबस्न व्यबस्था मिलाउने<br>• आवश्यक सामाग्रीहरुलाई स्थानीय सेवा प्रदायक संस्था र वंडा कार्यालयहरुमा पुऱ्याउने | सरसफाई कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| | **संरक्षण**<br>• अति संकटापन्न क्षेत्रका वृद्धवृद्धा, अपाङ्गता भएका र खाँचोमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने<br>• अपाङ्गता भएका व्यक्ति, बृद्धबृद्धा, गर्भवती, सुत्केरी, स्तनपान गराइराखेका आमाहरु, बालबालिका, महिला आदिप्रति विशेष सरंक्षण प्रदान गर्ने व्यवस्था मिलाउने | महिला तथा बालबालिका कार्यालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, स्थानीय विपद् व्यवस्थापन समिति |
| | तल उल्लेखित मध्यम सम्भव्यता स्तरको लागि निर्दिष्ट गरिएका क्रियाकलापहरु समेत गर्ने | तल निर्धारण गरिएको |
| मध्यम | कार्यविधि १ र २ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यता स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | प्रक्रिया १, २ मा निर्धारण गरिए अनुरुप |
| | **समन्वय, सूचना तथा संचार**<br>अनुगमन तथा मूल्याङ्कन टोली गठन गर्ने | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| मध्यम | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन र अस्थायी आवास र गैर खाद्य पदार्थ**<br>• खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने<br>• नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी पुर्जा प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने<br>• रबरको पन्जा, रबरको बुट पानी नछिर्ने ज्याकेट, लाइफ ज्याकेट आदि लगायत उद्धार सामाग्री सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने<br>• महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्य पदार्थ लगायत अन्य वस्तुहरु पानी नछिर्ने झोलामा राख्न सहजीकरण गर्ने<br>• घरपालुवा पशुहरूलाई पहिचान गरिएका सुरक्षित स्थानमा अस्थायी रूपमा सार्ने | कृषि विकास कार्यालय, नेपाल खाद्य संस्थान, नेपाल उद्योग वाणिज्य महासङ्घ, , स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु,नेपाल रेडक्रस सोसाइटी |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी र सरसफाई**<br>• पोषण आहार प्याकेट वितरणको व्यवस्था मिलाउने<br>• सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण घोल वितरण गर्ने<br>• गर्भवती, सुत्केरी महिला तथा नर्सिङ्ग आमाहरुलाई स्वास्थ्य किट वितरण गर्ने | जनस्वास्थ्य कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| न्युन | कार्यविधि १ (साधारण पूर्व तयारी) र कार्यविधि २ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यता स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | पहिले निर्धारण गरिए अनुरुप |

# कार्यविधि ४ : १ दिने पूर्वानुमानका लागि आपत्कालिन बाढी पूर्व तयारी

**ट्रिगर संयन्त्रः**

जल तथा मौसम विज्ञान विभागको गणितीय मौसम भविष्यवाणी र क्षेत्रीय एकीकृत बहु-प्रकोप पूर्व सूचना प्रणाली (RIMES) को कन्काई जलाधारमा १ दिने वर्षा पूर्वानुमान र विश्वव्यापी बाढी सचेतना प्रणाली (GloFAS) र सम्भाव्य पूर्वानुमान मोडेल लगायतबाट कन्काई नदीको मैनाचुली जलमापन केन्द्रमा १ दिने जल प्रवाहको पूर्वानुमानको उपलब्धतामा कार्यविधि ४ सक्रिय हुन्छ। यो कार्यविधि मुख्य रुपमा स्थानान्तरण गर्ने तथा

| पूर्वानुमान | उच्च सम्भाव्यता | मध्यम सम्भाव्यता | न्युन सम्भाव्यता |
|---|---|---|---|
| जल तथा मौसम विज्ञान विभागको २४ घण्टे गणितीय मौसम पूर्वानुमान | २४ घण्टामा १४० मिलिमिटर भन्दा बढी वर्षा हुने | २४ घण्टामा ६०-१४० मिलिमिटर वर्षा हुने | २४ घण्टामा ६० मिलिमिटर भन्दा कम वर्षा हुने |
| विश्व बाढी सतर्कता प्रणाली | **२४ घण्टामा** खतरा तह नाघ्ने सम्भाव्यता (>७०%) | **२४ घण्टामा** खतरा तह नाघ्ने सम्भाव्यता (५०-७०%) | **२४ घण्टामा** खतरा तह नाघ्ने सम्भाव्यता (<५०%) |
| **वर्षा निगरानी** | >६० मिलिमिटर १ घण्टामा, >८० मिलिमिटर ३ घण्टामा, >१०० मिलिमिटर ६ घण्टामा, >१२० मिलिमिटर १२ घण्टामा, >१४० मिलिमिटर २४ घण्टामा | ३०-६० मिलिमिटर १ घण्टामा, ६०-८० मिलिमिटर ३ घण्टामा, ८०-१०० मिलिमिटर ६ घण्टामा, १००-१२० मिलिमिटर १२ घण्टामा, १२०- १४० मिलिमिटर २४ घण्टामा | (<६०) मिलिमिटर **२४ घण्टामा** |
| **नदी निगरानी** | नदीको जलसतह सतर्कता तहभन्दा माथि र बढिरहेको | नदीको जलसतह सतर्कता तह नजिक र बढिरहेको | नदीको जलसतह सामान्य र स्थिर |

तयारीसँग सम्बन्धित गतिविधिहरुका लागि केन्द्रित छ। ट्रिगर स्तर पहिले नै ट्रिगर सूचीमा निर्धारण गरिएका छन्।

## भूमिका तथा उत्तरदायित्व तालिका

| ट्रिगर लेभल (कहिले) | सम्पन्न गर्नु पर्ने कार्यको विवरण (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| उच्च | सम्पूर्ण गतिविधिहरु कार्यविधि १,२ र ३ मा उल्लेखित भए अनुसार सम्पन्न भएका छन् भन्ने सुनिश्चित गर्ने | पहिले नै निर्धारण गरिए अनुरुप |
| | **समन्वय, सूचना तथा संचार**<br>• जलमापन केन्द्रहरूसँग नियमित सञ्चार गर्ने र जलस्तर एफएम तथा रेडियो स्टेसनहरूलाई अद्यावधिक गराउने।<br>• स्थानिय विपद् व्यवस्थापन समितिका, सामुदायिक विपद् व्यवस्थापन समितिका बैठक बस्ने<br>• संचारको वैकल्पिक व्यवस्था गर्ने | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), स्थानीय विपद् व्यवस्थापन समिति |
| | **सबै क्षेत्रगत निकायहरु**<br>• अस्थायी आश्रय तथा शिविरहरुमा जिल्ला तथा स्थानीय विपद् प्रतिकार्य टोली र औषधोपचार टोली परिचालन गर्ने<br>• खोज तथा उद्धार क्लस्टर र समन्वय, सूचना तथा संचार क्लस्टरको आपत्कालिन बैठक बस्ने | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु, जनस्वास्थ्य कार्यालय जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |

| | | |
|---|---|---|
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानी र सरसफाई**<br>• गर्भवती महिला तथा नर्सिङ आमाहरूलाई स्वस्थ किट वितरण गर्ने<br>• सुरक्षित स्थानमा लाने र उपचार आदिको पूर्ण व्यवस्थापन गर्ने<br>• च्भाभचचबा को व्यवस्था मिलाउने<br>• घुम्ती शुद्ध खानेपानी, शौचलय स्थापना र परिचालन | जनस्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय विपद् व्यवस्थापन समिति |
| | **खोज तथा उद्दार**<br>• नदीको किनार नजिकै र बाढीको खतरा क्षेत्रमा बसोबास गरिरहेका सबैभन्दा सङ्टासन्न जनसमुदायलाई स्थानान्तरण गर्ने<br>• घर पालुवा जनावरहरुलाई सुरक्षित क्षेत्रमा सार्ने<br>• छोडेर आएका घरहरु, स्थानान्तरित घर पालुवा जनावरहरु र जीवन निर्वाहका सामग्रीहरुको सुरक्षा सुनिश्चित गर्ने | नेपाल सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन र अस्थायी आवास र गैर खाद्य पदार्थ**<br>• अस्थायी आश्रयस्थल र शिविरहरुमा पिउने पानी, खाद्यन्न, गैर खाद्य सामग्री जस्ता सुबिधाहरु सही तरिकाले प्रबन्ध गरिएको सुनिश्चित गर्ने | सहायता संस्थाहरुसँगको समन्वयमा क्लस्टर प्रमुखहरू, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू) |
| | **संरक्षण**<br>• अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, स्तनपान गराइरहेका आमाहरु, बालबालिका, महिला आदिप्रति विशेष ध्यान दिने<br>• सर्प लगायत अन्य घातक जिवजन्तु तथा घातक जनावरहरुबाट हुनसक्ने जोखिम प्रति सुरक्षा र सतर्कता अपनाउने<br>• महिला तथा बालबालिकाको गैह्र कानुनी ओसार पसार र उनीहरुमाथि हुन सक्ने दुर्व्यवहार प्रति सतर्कता र सुरक्षा | महिला तथा बालबालिका कार्यालय, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), सामुदायिक विपद् व्यवस्थापन समिति |
| **मध्यम** | कार्यविधि १,२,३ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यता स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | पहिले नै निर्धारण गरिए अनुरुप |
| **न्युन** | सम्पूर्ण गतिविधिहरु कार्यविधि १,२ सबै सम्भाव्यता स्तरका लागि र कार्यविधि ३ मध्यम सम्भाव्यता स्तरको लागि सम्पन्न गरिएको सुनिश्चित गर्ने | पहिले निर्धारण गरिए अनुरुप |

## कार्यविधि ५ : आपत्कालिन प्रतिकार्य र उद्धार

### ट्रिगर संयन्त्र

तल प्रस्तुत गरिएका प्रतिकार्य र राहत क्रियाकलापहरू नदी सतहले खतरा तह नाघ्नासाथ र बाढीले समुदायहरूलाई क्षति गर्नासाथ सञ्चालन गरिन्छन् । यो चरण सतकर्ता तहभन्दा नदी सतह नघट्न्जेल र स्थायी नहुन्जेलसम्म रहन्छ। आपत्कालिन प्रतिकार्य क्रियाकलापहरू सञ्चालन गर्दा अन्तर क्लष्टर समन्वय अति आवश्यक हुन्छ ।

### भूमिका तथा उत्तरदायित्व तालिका

| घण्टा (कहिले) | राहत तथा प्रतिकार्य गतिविधिहरु (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| घण्टा ० | • खोज तथा उद्दार टोली र द्रुत प्रतिकार्य टोलीको परिचालन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु |
| | • मानिसहरू र घर पालुवा जनावरहरु स्थानान्तरण गर्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |

| | | |
|---|---|---|
| | • सूचना सङ्कलन गर्न, व्याख्या गर्न र पुष्टि गर्न आपत्कालिन सूचना प्रणाली (तथ्याङ्क-सूचना इकाई) स्थापना गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, सुरक्षा निकायहरु, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | • आपत्कालिन प्रतिकार्यका लागि कार्य संचालन विधि अनुसार राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्र सक्रिय बनाउने | गृह मन्त्रालय, राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| | • बाढीको खतरा क्षेत्रमा नदीको सतह सतर्कता तह भन्दा तल नभ्रुरेसम्म प्रतिघण्टाको अद्यावधिक सूचना प्रवाह जारी गरिरहने | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू) |
| | • सम्बद्द आपत्कालिन प्रतिकार्य योजनाहरुलाई सक्रिय बनाउने। क्लस्टर र कार्यदल समुहले आफ्ना सम्बधित आपत्कालिन योजनाहरु सक्रिय बनाउने | जिल्ला तथा स्थानीय स्तरका सबै क्लस्टरहरू |
| | • जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बस्ने<br>• खानेपानी र सरसफाई क्लस्टरको आकष्मिक वैठक बस्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई कार्यालय |
| | • आपत्कालिन संचार प्रणालीको (एक द्वार संचार नीति) विकास गर्ने र तथ्याङ्क-सूचना इकाईबाट प्राप्त नियमित सूचना सार्वजनिक जागरूकताका लागि रेडियो, टिभी, एसएमएस आदि मार्फत सूचना प्रवाह गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू), मिडिया |
| **घण्टा ० देखि घण्टा + ३** | • घाइतेलाई घुम्ती क्लिनिकहरु मार्फत प्राथमिक उपचार गर्ने<br>• सर्पदंशको उपचार सामाग्री र प्राविधिकको व्यवस्था गर्ने | जनस्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| | • क्षति तथा नोक्सानी सम्वद्द तथ्याङ्कहरुसंकलन गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू), नेपाल रेडक्रस सोसाइटी |
| | • विभिन्न माध्यमहरु (सरकारी अधिकारी, संयुक्त राष्ट्र संघ एजेन्सीहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, नागरिक समाज, मिडिया आदि) बाट संकलित सूचनाको आधारमा विपद् (प्रारम्भिक परिदृश्य) को मात्रा र दायराको समीक्षा गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू) |
| | • विपद्सँग जुध्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय पहलहरूको आवश्यकता निर्धारण गर्न स्थानीय क्षमताको लेखाजोखा गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू), नेपाल रेडक्रस सोसाइटी |
| | • विपद्को प्रकृति गाउँ, नगर र जिल्लाको पहुँच बाहिर गएमा प्रादेशिक क्षमता र राष्ट्रिय स्तरको पहलहरूको आवश्यकता समीक्षा गर्न केन्द्रीय अधिकारीहरुसँग सम्पर्क गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति , जिल्ला प्रशासन कार्यालय, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु |
| **घण्टा + ६** | • अन्तर क्लस्टर र कार्यदलका बैठक नियमित बोलाउने, अन्तर क्लस्टर समन्वय र नियमित अन्तरक्रिया सुनिश्चित गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, क्लस्टर प्रमुखहरू, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | • संयुक्त रूपमा स्थिति विश्लेषण गर्ने र प्रतिवेदन तयार गर्ने । | क्लस्ट प्रमुखहरू र जिल्ला प्रशासन कार्यालय, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| **घण्टा + १२** | • राहत शिविरहरूको स्थापनाका लागि आवश्यक क्षेत्रको द्रुत लेखाजोखा गर्ने र पहिचान गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |

| | | |
|---|---|---|
| | • आकस्मिक कक्ष, स्वास्थ्योपचार कक्ष, सूचना प्रसार कक्ष र सामग्री वितरण कक्ष स्थापना गर्ने । | नेपाल रेडक्रस सोसाइटी, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू) |
| | • अस्थायी आश्रयस्थल र बाढी पीडितका लागि राहत वितरणको समन्वय गर्ने र अख्तियारीको निरन्तरता दिने<br>• जीवित व्यक्तिहरुलाई तत्काल जीवन रक्षक राहत सामाग्रीको वितरण गर्ने | क्लस्टर प्रमुख र उपप्रमुख, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| **घण्टा +१२- घण्टा +२४** | • प्रारम्भिक द्रुत लेखाजोखा सम्पन्न गर्ने, बहु क्लस्टर प्रारम्भिक द्रुत लेखाजोखा जरुरी छ कि भनेर पहिचान गर्ने | स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), नेपाल रेडक्रस सोसाइटी |
| | • बाढी प्रभावित सम्म पुग्न सम्भावित अवरोधहरुको पहिचान गर्ने | क्लस्टर प्रमुख र उपप्रमुख |
| **घण्टा +२४- घण्टा +४८** | • अस्थायी आश्रयहरूको प्रबन्ध गर्ने । | नेपाल रेडक्रस सोसाइटी र क्लस्टर प्रमुखहरू |
| | • स्थानान्तर, पुनर्वास गर्न नपर्ने जन समुदाय जसलाई उनीहरुका आफ्नै स्थानमा सहायता पुर्याउन सकिन्छ उनीहरुको पहिचान गर्ने | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकायहरु |
| | • पीडित व्यक्तिहरु जो स्थानीय स्रोतसाधनको प्रयोग गरेर आफ्ना लागि अस्थायी आवास बनाउँदछन् उनीहरुलाई नगद वितरण गर्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू), स्थानीय विपद् व्यवस्थापन समिति |
| **घण्टा +४८- घण्टा +७२/नदी स्तर सामान्य नहुन्जेल** | • पीडित व्यक्तिहरु जो स्थानीय स्रोतसाधनको प्रयोग गरेर आफ्ना लागि अस्थायी आवास बनाउँदछन् उनीहरुलाई नगद वितरण गर्ने (हटाउने) | जिल्ला प्रशासन कार्यालय, स्थानीय सरकार, स्थानीय विपद् व्यवस्थापन समिति |
| | • महिला, बालबालिका वृद्ध र अपांगका सुरक्षाको लागि शिविर र वितरण क्षेत्रमा विशेष सुरक्षा प्रबन्ध गर्ने | महिला तथा बालबालिकाकार्यालय, क्लस्टर सुरक्षाको लागि सुरक्षा निकायहरु |
| | • पशु तथा जीविकोपार्जन सम्बन्धी सामग्रीहरूको सुरक्षा व्यवस्थापन गर्ने | सुरक्षा निकायहरु |
| | • नियमित स्थिति प्रतिवेदन प्रकाशित गर्ने | सबै क्लस्टरहरू |
| | • आपत्कालिन चरणबाट विपदोत्तर चरणमा प्रवेश गर्दा अपनाइने प्रतिकार्य रणनीतिबारे जिल्ला र स्थानीय विपद् व्यवस्थापन समिति तथा क्लस्टरको बैठक आयोजना गर्ने | प्रमुख जिल्ला अधिकारी/ स्थानीय तह ( गाउँपालिका र नगरपालिकाहरू) प्रमुखहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति |

## सन्दर्भ सामग्रीहरु


१.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४
२.विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
३. विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०
४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
५.जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८
६.स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायू उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४
७.जिल्ला विपद् व्यवस्थापन योजना, २०७१/०७२
८.जिल्ला वस्तुगत विवरण, २०७१
९.झापा जिल्लाको गाउँपालिका/नगरपालिका प्रोफाइल, २०७४

१०.केन्द्रिय तथ्याङ्क विभाग राष्ट्रिय जनगणनाको तथ्याङ्कगत प्रतिवेदन, २०६८
११.स्थानीय तहको विभाजन तथा केन्द्रहरुको बिवरण, २०७३ अद्यावधिक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७२/७३ झापा
१२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
१३.जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९
१४.विपद् लेखाजोखा मार्गदर्शन २०७२
१५.राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन विधी, २०७२

**नोट-** यस सम्बन्धी बिस्तृत जानकारीका लागि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सम्पर्क गर्न सकिने छ। यो योजनाको सफ्ट कपी विपद् जोखिम न्यूनीकरण पोर्टलमा समेत उपलब्ध हुनेछ।